का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २६७
❐ ५ मंसिर २०७८, आइतबार
❐ 21 November 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।


# अप्ठ्यारोमा प्रचण्ड



राष्ट्रिय राजनीतिक परिस्थिति, भू-राजनीतिक अवस्था र पार्टीभित्र नेताहरुको अभिमत बीच सन्तुलन कायम गर्दै एमसीसीबारे निर्णय लिन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई निकै ठूलो संकट आइलागेको देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) फिर्ता जाओस् भन्ने पक्षमा नरहेको बताएका छन् । अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूसँग भेटवार्ता गरेको भोलिपल्ट गृह जिल्ला चितवन पुगेर प्रचण्डले अनुदान लिने पक्षमै भएको बताए । यसअघि प्रचण्डले एमसीसीबारे खुलेर बोलेका थिएनन् ।

तर अमेरिकी सहायक मन्त्रीसँगको भेटपछि भने प्रचण्डले अनुदानको पक्षमा रहेको र भौतिक पूर्वाधारका निम्ति आवश्यक रहेको बताए । यो अनुदान फिर्ता जाओस् भन्ने त हामी चाहँदैनौं । भौतिक पूर्वाधारका निम्ति अनुदान आवश्यक छ" प्रचण्डको भनाइ थियो, "अमेरिकासँग पहिले पनि सहयोग लिँदै आएको हो ।" तर प्रचण्डले एमसीसीको सक्कल सहमति र पछिल्लो सहमति बीचको विषयमा देखिएको अन्तरले समस्या देखिएको बताए ।

प्रचण्डले दिएको अभिव्यक्ति अर्थपूर्ण छ । एमसीसी अनुमोदन गराउने पक्षमा रहेको, तर जनतहमा उठेको विवादको कारण भने अघिल्लो सरकार (केपी शर्मा ओली) को पालामा भएको बुझाउन खोजेका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र एमसीसी पारित गर्न नहुने मत प्रचण्ड निकटस्थहरुले राख्ने गरेका थिए । त्यसप्रति प्रचण्डको मौन सहमति थियो ।

अर्थात् एमसीसी संशोधन बिना पारित नगर्ने पक्षमा प्रचण्ड थिए । तर अहिले एमसीसी फिर्ता होओस् भन्ने पक्षमा नरहेको बताउनुले प्रचण्ड अप्ठ्यारोमा परेको अनुमान गर्न सकिन्छ । त्यसैले एमसीसी अनुमोदनको जटिलता ओली सरकारले निर्माण गरेको भाष्य सिर्जना गर्न प्रयत्नमा देखिन्छन् ।

घटनाक्रम र परिस्थिति हेर्दा पनि प्रचण्ड अप्ठ्यारोमा परेकैले यस्तो अभिव्यक्ति दिएको बुझ्न सकिन्छ । पहिलो, एमसीसी अनुमोदन गराउन लगातार दबाव परिरहेको छ । भदौ यता तीन पटक एमसीसीले सरकारको ध्यानाकर्षण गराइसकेको छ । २४ भदौमा एमसीसीका उपाध्यक्ष फातिमा सुमार सहितको टोलीले चार दिने नेपाल भ्रमण गरी नेताहरुसँग भेटवार्ता भएको थियो । उक्त भेटमा एमसीसी अनुमोदन गराउने वा नगराउने भन्ने धारणा सोधेको थियो । तर नेताहरुले भने यसबारे छलफल गर्ने जवाफ दिएका थिए ।

छलफल गर्ने भनेपनि एमसीसीबारे ठोस् निर्णय नगरी संसद् अधिवेशन अन्त्य भयो । संसद् अधिवेशन अन्त्य भए लगत्तै एमसीसीले बक्तव्य जारी गरेको थियो । परोक्ष रुपमा यो दबाव एमसीसी अनुमोदन गराउनकै निम्ति थियो । २ मंसिरमा फेरि अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लू नेपाल भ्रमणमा आएका छन् । उनले एमसीसी निर्णय लिनुपर्ने प्रस्ताव राखेका छन् ।

दोस्रो, गठबन्धनका दल र सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेस एमसीसीको पक्षमा छ । काँग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदनकै पक्षमा छन् । एमसीसीकै कारण सत्ता गठबन्धन नभत्कियोस् भन्नेमा प्रचण्ड सचेत छन् ।

किनभने यो गठबन्धन भत्किए फेरि एमाले नेतृत्वमा सरकार बन्ने संभावना रहन्छ । जुन प्रचण्डका निम्ति प्रतिकुल मात्रै नभएर राष्ट्रिय राजनीतिमा प्रचण्डसँग जवाफ दिन कुनै नैतिक हिम्मत रहँदैन । तर एमसीसी अनुमोदन गराउन पनि प्रचण्डलाई आफ्नै पार्टी नेताहरुको मन जित्न कठिन छ ।

# बलियो बन्दै बार

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ४ मंसिर ।

नेपाल बार एशोसिएशनले आज देखि देशब्यापी आन्दोलन चर्काउने तयारी गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै आन्दोलनत बारले आज देखि देशब्यापी विरोध गर्ने तयारी गरेको हो । आउने शुक्रबारसम्म देशब्यापी आन्दोलनको कार्यक्रम बारले सार्वजनिक गरेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै सर्वोच्च अदालत परिसरमा प्रदर्शन र धर्ना दिदै आएको नेपाल बार एशोसिएशनले देशब्यापी आन्दोलन चर्काउने तयारी थालेको छ ।

बारका महासचिव लीलामणि पौडेलले मंसिर १० गतेसम्म हुने आन्दोलनको कार्यक्रम सार्वजनिक गरेका छन् । बारका अनुसार, आज देशभरका बार इकाले बहस बहिष्कार हुँदैछ। सर्वोच्च अदालतको शान्तिपूर्ण आन्दोलनमा प्रहरी प्रवेश गराएको, हतियार सहितको प्रहरी तैनाथ गरेको र कानून व्यावसायी माथि दमन तथा कुटपिट भएकाले देशभर आन्दोलन चर्काउने निर्णय गर्नुपरेको महासचिव पौडेलले बताए ।

आन्दोलनका कार्यक्रम अन्तर्गत आज देखि बिहान १० देखि १२ बजेसम्म कालोपट्टी सहित धर्ना दिने, मंगलबार हद म्याद गुज्रिने अवस्थाको अन्तिम म्याद बाहेक कुनै पनि अदालत र न्यायाधीकरणमा फिराद, प्रतिउत्तर, पुनरावेदन, रिट, लिखित जवाफ, बहस नोट केही पनि नगर्ने बारले जनाएको छ ।

बुधबार उच्च अदालत र उच्च अदालतको इजलासमै विरोधसभा आयोजना गर्ने कार्यक्रम तय भएको छ । बिहीबार र शुक्रबार सर्वोच्च अदालत केन्द्रीत आन्दोलन गर्ने बारले तयारी गरेको छ। प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै १४ कात्तिक देखि आन्दोलन गरिरहेको छ।१० कात्तिकमै बक्तव्य जारी गरी बारले प्रधानन्यायाधीश जबरालाई बाँकी पृष्ठ २ मा

# लोकतान्त्रिक अभ्यासको प्रयास

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, ४ मंसिर ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले पार्टीभित्र लोकतान्त्रिक अभ्यासको शुरु गरेको छ । दश वर्षे सशस्त्र आन्दोलनबाट राष्ट्रिय राजनीतिमा उदाएको माओवादी केन्द्रले वडा तहबाटै सम्मेलन गरी पार्टीलाई लोकतान्त्रिकरण अभ्यास शुरु गरेको हो । यसअघि माथिल्लो कमिटीले तल्लो कमिटी निर्माणको अभ्यास गर्दै आएको थियो ।

तर पहिलोपटक माओवादी केन्द्रले तल्ला कमिटी हुँदै राष्ट्रिय सम्मेलन गर्ने भएको छ । त्यसका लागि शनिबार माओवादी केन्द्रको देशभर वडा सम्मेलन भएको छ । वडा सम्मेलनबाटै नेतृत्व चयन भएको माओवादी केन्द्रले जनाएको छ ।

वडा सम्मेलन उत्साहजनक भएको केन्द्रीय कार्यालय सचिव श्रीराम ढकालले बताए । सम्मेलन सम्पन्न भएका वडाको तथ्याङ्क संकलन भइनसके पनि आजसम्म नतिजा आइसक्ने उनले बताए । प्राविधिक कारणका कारण केही वडामा सम्मेलन हुन नसकेको र आजसम्म सबै वडामा नयाँ नेतृत्व चयन हुने ढकालले बताए । माओवादीले देशरभका छ हजार ७४३ वडामा सम्मेलन आयोजना गरेको थियो ।

माओवादी केन्द्रको मंसिर ११ गते पालिका सम्मेलन गर्ने तयारी गरेको छ । २५ मंसिरमा प्रदेश सम्मेलन हुनेछ । आगामी पुस ११ देखि १३ गतेसम्म काठमाडौंमा राष्ट्रिय सम्मेलनगर्ने तयारी माओवादीले गरेको छ ।

यता, ललितपुरका ६ वटै स्थानीय बाँकी पृष्ठ २ मा

# यति ओभरसीजको नाममा क्यानडाको अवैध धन्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर

लामो समयदेखि अस्तित्वमा नरहेको यति ओभरसीज प्रालिका नाममा आकर्षक तलव र सुविधाको प्रलोभनसहित क्यानडामा वैदेशिक रोजगारीको विज्ञापन देखाएर ठग्ने प्रयास गरेको देखिएको छ ।

वैदेशिक रोजगार कार्यालय ताहाचलको लट नं.२०७९९८ बाट इन्टरनेशनल इमिग्रेसन भान्कुवर क्यानडाका लागि पूर्व स्वीकृति पाएको भन्दै वैदेशिक रोजगारका लागि प्रकाशित हुने अन्य नियमित विज्ञापनसँग हुबहु मिलाएर उक्त नक्कली विज्ञापन सामाजिक सन्जालमा प्रकाशित भएको छ ।




वैदेशिक रोजगार विशेष

विज्ञापनमा फुड प्याकेजिङका ३५ जना, सेक्युरिटी गार्ड १० जना, ट्याक्सी ड्राइभर १० जना र फार्म वर्किङ ६० जना गरी १ सय १५ जनाको आवश्यकता भन्दै सामाजिक सञ्जालमा विज्ञापन राखिएको छ । हप्ताको ६ दिन दैनिक ८ घण्टा काम गर्नुपर्ने उल्लेखित विज्ञापनमा दुई वर्षको भिसा अवधि हुने उल्लेख छ ।

विज्ञापनमा ००१९० ९३१०१०९८ नं. बाट ह्वाट्सएप मार्फत सम्पर्क गर्न सकिने बताइएको छ । उक्त नक्कली विज्ञापनलाई सुमित ट्राभल्स एण्ड टुर्सले आफ्नो फेसबुक मार्फत प्रचार गरिरहेको देखिएको छ । विज्ञापनमा फाइल प्रोसेसिङका लागि ३ लाख लाग्ने र अन्तिममा थप दश लाख दिनुपर्ने भन्दै कुल १३ लाख रूपैयाँ लाग्ने बताइएको छ । विज्ञापन देखेपछि आकृति घोताने लगायतले काम कन्फर्म हुन्छ ? भन्दै जिज्ञासा राखेका छन् । अन्य धेरैले पनि त्यसमा चासो राखेको देखिएको छ ।

क्यानडाका विभिन्न राज्यहरूमा कृषि मजदुरको माग रहेको भन्दै सामाजिक सञ्जालमा पटकपटक विज्ञापन आउने गरेका छन् । केही समयअघि राजधानीको सामाखुशीस्थित ट्रिपलस्टार इम्प्लोइमेन्ट प्रालिको माथिल्लो तल्लाबाट अवैधानिकरुपमा क्यानडा पठाउने भन्दै अन्तर्वार्ता लिइरहेको अवस्थामा वैदेशिक रोजगार विभागले चार जना भारतीय नागरिकलाई पक्राउ गरेको थियो ।

भारतीय नागरिकले म्यासेन्जर, भाइबर, ह्वाट्सएप, ईमो लगायतका सामाजिक सञ्जालका माध्यमहरुबाट विभिन्न व्यक्तिहरुलाई म्यासेज पठाई क्यानडामा स्थायी आवासीय अनुमतिसहित आकर्षक तलबको रोजगारी दिलाइदिने प्रलोभन दिँदै आएको भएपनि अस्तित्वमा नरहेको नेपालको म्यानपावर कम्पनीको नाम प्रयोग हुनुले ठगीको धन्दामा नेपाली पनि संलग्न रहेको हुनसक्ने आंकलन गरिएको छ ।

यति अल कौशर मर्जरमा

करिब दुई दशक लामो समयदेखि संचालित यति ओभरसीज २०७५ भदौ १८ पछि मर्जरमा गएको हो । श्रम इजाजत पत्र नं. ११४२ ०७३/७४ रहेको अल कौसर ह्यूमेन रिसोर्स प्रा.लि.सँग मर्ज भएको यति ओभरसीजका संचालक अब्दुल अजिज मिया हुन् । मियाले यति ओभरसीज संचालन गर्दा कतिपय ठाउँमा तिर्नुपर्ने रकम नतिरेको बुझिएको छ । बाँकी पृष्ठ २ मा


VACANCY ANNOUNCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

PRO - 2
Receptionist - 1
Documentation - 1

*Experience: 2 Years on Manpower field for all positions. Computer Knowledge & +2 passed.*

Govt. Lic. No. 1531/078/079

MAX EMPLOYMENT CENTER (P.) Ltd.
Bijay Chowk-9, Kathmandu, Nepal
9851017786
Interested candidates can send their cv to email: maxecenter@gmail.com

DUBAI को बहुराष्ट्रिय MOTHERSON कम्पनीमा
महिला तथा पुरुषहरूलाई Factory Worker मा रोजगारको अवसर

कम्पनी: MOTHERSON PKC HARNESS SYSTEM FZ-LLC शहर: DUBAI, UAE

पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९६६ LT. No.: 250712

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker/General Helper | 100 | 200 | स. काममा दक्ष | 800 | २५,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

दिनको ३ पटक खाना (Breakfast, Lunch and Dinner) को व्यवस्था रहेको छ ।

प्रि-अन्तर्वार्ता धमाधम भैरहेको छ । फाईनल अन्तर्वार्ता २०७८ मंसिर १० (26 Nov. 2021) गते बुटवल, २०७८ मंसिर ११ (27 Nov. 2021) काठमाडौं र २०७८ मंसिर १२ (28 Nov. 2021) गते इटहरीमा हुनेछ ।

फाईनल अन्तर्वार्तामा सफल हुने महिलाहरूलाई गाडीभाडा मेनपावरले उपलब्ध गराउनेछ ।

नोट: Factory भित्र Free Zone मा काम गर्नुपर्नेछ । हिन्दी तथा साधारण अंग्रेजी भाषा बोल्न जान्ने हुनुपर्ने र रङ्ग अन्धोपन नभएको हुनुपर्नेछ ।

फाईनल अन्तर्वार्ता पास (PASS) भएको १५ दिन भित्र कम्पनीमा पुग्नुपर्ने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Good Luck International Manpower Pvt. Ltd. Gov. Lic. No. 1357/074/075

Address: Balaju-16, Machhapokhari Kathmandu, Tel: 4362910, 4389404,
Mobile No.: 9823409091, 9823409087, 9823409086, 9823409083, 9823409081
E-mail: info@manpowersnepal.com, paneru2005@gmail.com | Web.: www.manpowersnepal.com

*A Complete Recruiting Solution.*

आवश्यकता: यस मेनपावरको लागि DOCUMENTATION OFFICER तु:आवश्यक भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

# 'मौलिक परराष्ट्र नीति बनाउन आवश्यक'

**काठमाडौं/मस**-परराष्ट्रमन्त्री डा.नारायण खड्काले परिवर्तित सन्दर्भमा राष्ट्रिय सहमतिको आधारमा परराष्ट्र नीति बनाउनुपर्ने बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयअर्न्तगतको नेपाल तथा एशियाली अध्ययनका लागि केन्द्र(सिनास) द्वारा शनिबार आयोजित कार्यक्रममा उनले राजनीतिक दलका शीर्ष नेतासँगको सल्लाह र विगतका सरकारले अबलम्बन गरेका नीतिहरुका आधारका साथै विश्व परिवेशमा आएको फेरबदल तथा भूराजनीतिक अवस्थाअनुसार राष्ट्रिय हितलाई केन्द्रमा राखी स्वतन्त्र परराष्ट्र नीति तर्जुमा गर्न आफू क्रियाशील रहेको बताए ।

विश्वका शक्ति राष्ट्रहरुबीचको होडबाजीका कारण परराष्ट्र नीतिलाई रणनीतिक र सन्तुलित ढंगबाट अगाडि बढाउनुपर्ने अवस्था रहेको बताउँदै मन्त्री खड्काले राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखी तेस्रो मुलुक तथा छिमेकी मुलुक भारत र चीनको समृद्धिबाट कसरी बढीभन्दा बढी लाभ लिन सकिन्छ भन्नेतर्फ ध्यान दिनुपर्ने बताए । 'सबैलाई समान दृष्टिबाट हेर्न र व्यवहार गर्न सक्नुपर्छ, राष्ट्रिय हीत यसैमा हुन्छ र हाम्रो उद्देश्य पनि पूरा हुन्छ' उनले भने । छिमेकी मुलुकसँग कुनै समस्या भए द्वन्द्वको रुपमा नभई कुटनीतिकरुपमा समाधान खोज्नुपर्नेमा पनि उनले जोड दिए ।

विगतमा विभिन्न मुलुकसँग गरिएका सन्धि सम्झौताका मूलप्रति संग्रहित हुन नसक्दा हाम्रा महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु संरक्षण हुन नसकेको उल्लेख गर्दै परराष्ट्रमन्त्री डा.खड्काले विभिन्न पुस्तकालयहरुबाट बेचिएका, चोरिएका वा हराएका बहुमूल्य ग्रन्थहरु खोजी भइरहेको बताए । नेपालको बारेमा स्वदेशी लेखकहरुले लेखेका कृतिका बारेमा भन्दा विदेशीले लेखेका कृतिलाई महत्व दिने र आधिकारिक मान्ने परिपाटी अन्त्य हुनुपर्ने उनको भनाइ थियो । विश्वविद्यालयमा रहेका सिनासजस्ता प्राज्ञिक संस्थालाई साधन र स्रोतसम्पन्न गरी अनुसन्धानका कार्यहरु सोही संस्थामार्फत गराउन सरकार प्रतिवद्ध रहेको मन्त्री खडकाले बताए ।



कार्यक्रममा पूर्व परराष्ट्रमन्त्री तथा नेकपा(एमाले)का नेता प्रदीप ज्ञवालीले बदलिंदो विश्व परिवेशमा नेपालले राष्ट्रिय हीत, असंलग्नता, विवादको शान्तिपूर्ण समाधान र मित्रराष्ट्रहरु नेपालबाट के चाहन्छन् भन्ने कुरा बुझेर अगाडि बढ्न सक्न पर्नेमा जोड दिए । शीतयुद्धमा अमेरिका र तत्कालीन सोभियत रुससँग समान रुपमा सम्बन्ध कायम गरी सहयोग लिन सकेको उल्लेख गर्दै उनले अहिलेको अवस्थामा पनि दुई शक्तिशाली छिमेकी मुलुक भारत र चीनसँग पनि समान सम्बन्ध स्थापित गरी बढीभन्दा बढी लाभ लिनसक्नुपर्ने बताए । सन् १९६१ मै टुङ्गिएको चीनसँगको सीमा विवादलाई अहिले पुनः खोतल्न खोज्दा त्यसले अनेक आशंका उब्जाउने हुँदा कुटनीतिक रुपमा समाधान खोजिनु पर्ने नेता ज्ञवालीको भनाइ थियो ।

पूर्वमन्त्री तथा नेकपा(माओवादी केन्द्र)का नेता राम कार्कीले मुलुकको एकीकृत परराष्ट्र रणनीति नहुँदा एमसिसी, बिआरआईजस्ता सहयोग सम्झौताहरु विवादमा आएको उल्लेख गर्दै राजनीतिक दलहरुबीच विकासको स्पष्ट नीति बन्न नसकेसम्म आगामी दिनमा पनि यस्ता विवादहरु सिर्जना हुने र त्यसले आपसी सम्बन्धमा पनि असर पुग्ने बताए । उनले समाजवादी र वैज्ञानिक शिक्षा प्रणाली नहुँदा युवा जनशक्ति पलायन हुनाका साथै यसले मुलुकलाई कहिल्यै समृद्धितर्फ लैजान सक्दैन भने । नेता कार्कीले चीन र भारत शक्ति राष्ट्रिको रुपमा उदय भएसँगै पूँजीवादतर्फ उन्मुख हुँदै गएका बेलामा नेपालले कसरी आफ्नो अस्तित्व कायम राख्ने भन्ने विषयमा बुद्धिजिवीहरुले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याउन पहल गर्नुपर्ने आवश्यकता रहेको बताए ।

अमेरिकाका लागि प्रस्तावित नेपाली राजदूत तथा वरिष्ठ कुटनीतज्ञ प्रा.श्रीधर खत्रीले अहिले विश्वको स्वरुप बदलिएको अवस्थामा नेपालले आफ्नो पहिचानलाई स्थापित गर्न सक्नुपर्ने बताए । उनले छिमेकी मुलुकहरु शक्ति राष्ट्रको रुपमा अगाडि बढिरहेको अवस्थामा भूराजनीतिक स्थितिलाई ख्याल गरी सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्न सुझाव दिए ।

सिनासका कार्यकारी निर्देशक मृगेन्द्रबहादुर कार्कीले मुलुकको मौलिक विदेश नीति बनाउन आवश्यक रहेको उल्लेख गर्दै राष्ट्रिय सुरक्षा, विदेश नीति र कुटनीति अत्यन्त गम्भीर विषय भएकाले यसमा केन्द्रले आन्तरिक स्रोतबाटै अनुसन्धानका कामहरु अगाडि बढाउने बताए । उनले नेपालको परराष्ट्र नीतिका सम्बन्धमा पूर्व प्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरुसँग अलगअलग सम्वाद गरी साझा अवधारणा तयार गर्न सिनासले पहल गर्ने बताए ।

कार्यक्रममा सिनासद्वारा प्रकाशित रणनीतिक अध्ययन श्रृंखला (स्टयाटेजिक स्टडिज सेरिज) को ११ औं अंक विमोचन गरिएको थियो । विश्वमा शितयुद्धको प्रभाव रहेको अवस्थामा सन् १९८४ मा स्थापना भएको सिनासले केही वर्षसम्म प्रकाशन गर्दै आएको उक्त श्रृंखला १० अंकसम्म प्रकाशन भएर ३५ वर्षदेखि स्थगित भएकामा यसै वर्ष ११ औं श्रृंखला प्रकाशन भएको छ । यस जर्नलमा राष्ट्रपति विद्यादेवी भण्डारीको अन्तर्वार्ता, परराष्ट्रविद् आनन्द आदित्य, गौरवशंसेर थापा, श्वेता कार्की, लालबाबु यादव, चन्द्रदेव भट्ट तथा चिनीयाँ प्राध्यापकहरुको अनुसन्धानमूलक लेखहरु समावेश हुनाका साथै चिनीया राष्ट्रपतिको नेपाल भ्रमणका अवसरमा व्यक्त मन्तव्य र राष्ट्रपति भण्डारीको चीन भ्रमणको अवसरमा खीचिएका तस्बिर पनि समावेश गरिएको छ ।

# जलवायु परितर्वनले ल्याएको संकट बारे चिन्ता



**काठमाडौं/मस**-राष्ट्रपति विद्यादेवी भण्डारीले जलवायु परितर्वनले ल्याएका संकटका बारेमा चिन्ता व्यक्त गरेकी छन् ।

पुनःनिर्मित स्वयम्भूस्थित ज्ञानमाला भजन खलःको शनिबार उद्घाटन गर्दै उनले जलवायु परिवर्तनका कारण विश्व नै संकटतर्फ धकेलिएको बताइन् ।

काठमाडौं विश्वकै उत्कृष्ट सांस्कृतिक नगरका रुपमासमेत चिनिएको भए पनि धुवाँधुलोका कारणले गर्दा प्रदूषण फैलिएर यहाँको जनस्वास्थ्यमा गम्भीर क्षति पुऱ्याइरहेकामा चिन्ता व्यक्त गर्दै उनले यसबाट बच्नका लागि पर्यावरणलाई स्वच्छ र सन्तुलित कायम राख्नुपर्नेमा जोड दिइन् ।

राष्ट्रपति भण्डारीले जलवायु परिवर्तनको असर रोकन अनूकलनका औजार तथा साधनको प्रयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराइन् ।

उनले काठमाडौं उपत्यकामा इँटाभट्टा र पेट्रोलियम सवारीका कारण प्रदूषण बढेको भन्दै धेरै प्राकृतिक ऊर्जाको प्रयोग हुने क्षेत्रमा विद्युत्को प्रयोग गर्न सकिए प्रदूषण र व्यापार घाटा कम हुने बताइन् । राष्ट्रपति भण्डारीले आयात वृद्धिसँगै दिन प्रतिदिन मुलुकको व्यापार घाटा बढिरहेकामा चिन्ता व्यक्त गर्दै आयात प्रतिस्थापन गर्न जरुरी रहेको बताइन् । नेपालमा रहेको स्वच्छ विद्युतीय ऊर्जाको ठूलो भण्डारलाई आत्मनिर्भरताका लागि प्रयोग गर्न सुझाव दिदैं उनले नेपाल कृषि प्रधान देश भए पनि कृषिजन्य र वनजन्य उत्पादनमा हामी आत्मनिर्भर हुन नसक्दा मुलुकले ठूलो व्यापार घाटा व्यहोर्नुपरेको बताइन् ।

# ढिलाइका कारण भेरी पम्पिङ आयोजना प्रभावित



**कर्णाली/मस**-निर्माणपूर्वका कार्य ढिलाइका कारण भेरी पम्पिङ आयोजना प्रभावित भएको छ । दसैँअघि टेण्डर आह्वान गर्ने भनिए पनि जग्गा प्राप्ति, वातावरणीय तथा सामाजिक प्रभावबारे अध्ययन बाँकी नै रहेकाले आयोजना निर्माणमा ढिलाइ भएको हो ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) भइसकेको छ । प्रदेश राजधानी सुर्खेत उपत्यकाको खानेपानी समस्याको दीर्घकालीन समाधान गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा भेरी पम्पिङ आयोजना निर्माण गर्न लागिएको हो । चार वर्षदेखि अध्ययन थालिए पनि आयोजना निर्माणको चरणमा भने प्रवेश गरेको छैन ।

खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजनल इञ्जिनीयर सुरत बमले लगानीको सुनिश्चितता भए पनि आयोजनाको दिगो व्यवस्थान पक्षको टुंगो लाग्न बाँकी रहेको बताए ।

उनले भने,'विश्व बैंकले आयोजना सञ्चालनको दिगोपनाबारे सुनिश्चितता खोजेको छ । कानूनी आधार, सञ्चालन तथा व्यवस्थापनलगायतका विषयमा टुङ्गोमा पुग्न आवश्यक छ ।' हाल सुर्खेत उपत्यका खानेपानी तथा उपभोक्ता संस्थाले आयोजनाका लागि व्यवस्थापकीय सहयोग गर्दै आएको छ । यस संस्थालाई कुन मोडलमा सञ्चालन गर्ने भन्ने विषयमा सहमति जुट्न सकेको छैन ।

सुर्खेत उपत्यका खानेपानी तथा उपभोक्ता संस्थाका अध्यक्ष कूलमणि देवकोटाले आगामी ३० वर्षसम्म बढ्नसक्ने जनसङ्ख्यालाई आधार मानी आयोजना निर्माण गर्न लागिएको बताए । 'आयोजना निर्माणमा अब कुनै द्विविधा छैन, डिपिआर र अन्य अध्ययनका काम सम्पन्न भइसके, अब संस्था सञ्चालनको मोडालिटीबारे छिटै टुङ्गोमा पुग्छौँ', उनले भने, 'लगानीको स्रोत जुटिसकेकाले अब जग्गा प्राप्तिसँग जोडिएका केही काम पूरा हुनासाथ निर्माण प्रक्रियामा आयोजना अघि बढ्छ ।'

आयोजनाको भौतिक संरचना निर्माण गर्ने स्थानमा वन क्षेत्रले ओगटेको छ । आयोजना निर्माणका लागि विश्व बैंकले ७० प्रतिशत र नेपाल सरकारले ३० प्रतिशत खर्च बेहोर्ने छ । पहिलो चरणमा संरचना निर्माणका लागि रु तीन अर्ब २३ करोड लागत अनुमान छ । जसअन्तर्गत मुहान इन्टेक, रिर्जब ट्यांकी, पाइपलाइन निर्माण र दोस्रो चरणमा सेवा विस्तारका काम हुनेछन् । आयोजनाका निर्माणका लागि छ अर्ब लाग्ने अनुमान छ ।


भेरी पुल र झुप्रा खोलाको दोभान नजिकबाट पानी पम्पिङ गरी अमृतडाँडा ल्याउने र त्यहाँबाट उपत्यकामा वितरण गर्ने योजना छ । विस्तृत परियोजना प्रतिवेदनका अनुसार भेरीको पानी ४०० मिटरमाथि प्रशोधन गर्ने ट्यांकीमा खसालेपछि त्यसबाट अमृतडाँडासम्म सात किलोमिटर लामो पाइप बिछ्याइनेछ । ५५० मिलिमिटर वा सोभन्दा बढी आकारको पाइप अमृतडाँडामा राखी मुख्य ट्याङ्कीसम्म जडान गरिनेछ । त्यहाँ बनाइने ट्यांकी १२ हजार घनमिटरको हुनेछ । हाल सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाले २० हजार घरधुरीलाई खानेपानी वितरण गर्दै आएको छ भने अझै १८ हजार धारा अपुग रहेको बताइएको छ ।

# ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना शुरु

**काठमाडौं/मस**-देशको अर्थतन्त्रलाई कोरोना महामारीपूर्वकै अवस्थामा फर्काउन सरकारले आठ अर्बभन्दा बढीको लगानीमा ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना शुरु गरेको छ ।

विश्व बैंकसँगको साझेदारीमा सरकारले प्रदेश नं १, २, वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपशिचमलाई समेट्ने पाँच वटा आर्थिक 'करिडोर'का केही नगरपालिकामा उद्यमशीलता प्रवर्द्धन गरी कृषि उत्पादकत्व बढाउन गत बिहीबार परियोजना शुरु गरेको हो ।

कृषि विकास रणनीतिसँग तादात्म्यता कायम गरी प्रादेशिक र स्थानीय सरकारहरू, सरोकारवाला संघसंस्था, साना तथा मझौला उद्यमको साझेदारी र सहकार्यमा विशेषरुपमा महिलाको नेतृत्वमा कृषि क्षेत्र र उद्यमशीलता बढाउँदै परियोजनाबाट ५,७०० भन्दाबढीका लागि छोटो अवधिको रोजगारी सृर्जना गर्ने लक्ष्य निर्धारण भएको छ ।



ग्रामीण उद्यमीका लागि दिगो सम्बन्ध बढाउन, कृषि क्षेत्रको रूपान्तरण, कोभिड-१९ पछिको अर्थतन्त्रको पुनरुत्थान, साना किसान, किसान समूह र सहकारी उत्पादनको बजार सम्पर्क सुनिश्चित गर्नु परियोजनाको अर्को लक्ष्य हो ।

सरकार र निजी क्षेत्रलाई मुलुकको हरित, लचिलो र समावेशी विकासलाई समर्थन गर्ने नीतिअनुरुप नगदे बाली लगाउन किसानलाई अभिप्रेरित गर्दै कफी, चिया, फलफूल र औषधि उत्पादनजस्ता तुलनात्मक लाभका क्षेत्रमा लाग्न परियोजनाबाट मद्दत पुग्ने ठानिएको छ भने आगामी चार वर्षमा उत्पादक, वित्तीय संस्था र स्थानीय सरकारबाट थप कोषको लाभ हुने अपेक्षा गरिएको छ ।

नेपाल सरकार र विश्व बैंकबीच गत मङ्सिरमा परियोजना कार्यान्वयनको सम्झौता भएको जनाउँदै कृषि तथा पशुपक्षी विकास मन्त्रालयले कोभिड-१९ बाट पुनःप्राप्ति कार्यका रूपमा खेती गर्ने जग्गा बाँझो नछाड्ने नगरपालिका कृषि केन्द्र र मूल्य शृंखला पूर्वाधारमा लगानी बढाइ उत्पादन सुधार गर्नु, पूर्वाधार निर्माणमा कामका लागि श्रमदानलगायत रचनात्मक गतिविधिलाई उत्प्रेरित गरेको बताइएको छ ।

# स्काउटमा तीन लाख विद्यार्थी पुऱ्याइने

**काठमाडौं/मस**-नेपाल स्काउटले मुलुकभर तीन लाख विद्यार्थीलाई समेट्ने लक्ष्यका साथ अभियान शुरु गरेको छ । मुलुक संघीय संरचनामा गएसँगै आफ्नो संरचना पनि सोहीअनुसार अघि बढाएको नेपाल स्काउटले मुलुकका सबै (७५३ वटै) स्थानीय तहमा संरचना निर्माण गरिसकेको जनाएको छ । स्काउट गतिविधिलाई थप चलायमान बनाउन संरचना विस्तार गर्ने क्रममा शनिबार स्थानीय स्काउट कार्यालय काठमाडौंले यहाँ 'प्रधानाध्यापक गोष्ठी' गरेको छ ।

हरेक स्कुलमा स्काउटको संरचना निर्माण गर्ने लक्ष्यसहित उक्त कार्यक्रम आयोजना गरिएको र यो अभियान मुलुकभर नै जारी रहेको वाग्मती प्रदेश सदस्य शिवराम अर्यालले बताए । हाल नेपालमा ६५ हजार विद्यार्थी स्काउटमा आवद्ध छन् । उनका अनुसार काठमाडौं महानगरपालिकाका ५९ सरकारी उच्च माध्यामिक विद्यालयमध्ये १३ वटामा स्काउट रहेकामा अब सबै विद्यालयलाई समेटने गरी उक्त भेला गरिएको हो ।

सन् १९०७ मा २० जनालाई लिएर बेलायतबाट लर्ड वेडेन पावेलले स्काउट स्थापना गरेका थिए । नेपालमा सन् १९५२ (विसं २००९) मा स्काउट शुरु भएको हो । स्काउटको इकाइ गठन गर्न तथा गतिविधि सञ्चालनका लागि काठमाडौं महानगरपालिकाले आवश्यक सहयोग गर्दै आएको र यो क्रम जारी रहने महानगरपालिकाका शिक्षा विभाग प्रमुख रामप्रसाद सुवेदीले बताए ।

कार्यक्रममा नेपाल स्काटउका निर्देशक रामप्रसाद भट्टराइले स्काउटको उद्देश्य, राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यास तथा गतिविधिका बारेमा प्रस्तुति दिँदै वर्तमान समयमा स्काउटको भूमिका अझ बढेर गएको बताए ।

## बलियो ....

राजीनामा गर्न चार दिने अल्टिमेटम दिएको थियो । तर राजीनामा नआएपछि बारको कार्यालयमा आन्दोलन शुरु भएको थियो ।

तर बारको शान्तिपूर्ण आन्दोलनमा प्रहरी हस्तक्षेप भएको भन्दै प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमा समेत अवरोध गर्दै आएको छ । बारको अवरोधका कारण प्रधानन्यायाधीश जबरा वैकल्पिक बाटो भएर अदालत प्रवेश गर्दै आएका छन् । तर प्रधानन्यायाधीश जबराले सहज बहिगर्मनको प्रस्ताव राखेका छन् । त्यसका लागि दुई पटक २८ कात्तिक र २ मंसिरमा प्रधानन्यायाधीश जबराले बारलाई वार्ताका लागि आह्वान गरे ।

बारले भने प्रधानन्यायाधीश जबराको राजीनामा एकमात्र विकल्प भएको अडान लिदै आएको छ । प्रधानन्यायाधीश जबराको वार्ता आह्वान अस्वीकार गर्दै आएको बारै दबाव पछि सर्वोच्चका न्यायाधीशहरुले पनि इजलास बहिष्कार गर्दै आएका छन् । न्यायाधीशहरुले पनि प्रधानन्यायाधीश जबराले राजीनामा नगरेसम्म इजलासमा नबस्ने अडान लिएका छन् ।

## लोकतान्त्रिक....

तहका सबै वडामा नेतृत्व चयन गरेको छ । शनिबार भएको वडा सम्मेलनले ७१ वटा वडामा नयाँ नेतृत्व चयन गरेको माओवादीका केन्द्रीय सदस्य तथा ललितपुर इन्चार्ज हरि दाहालले बताए । सबै वडामा निर्विरोध रुपमा नेतृत्व चयन भएको पनि उनले बताए ।

ललितपुरमा एक महानगर, दुई नगरपालिका र तीन गाउँपालिका छन् । ललितपुर महानगरपालिकामा २९, महालक्ष्मी नगरपालिकामा १०, गोदावरी नगरपालिकामा १४ वडा रहेका छन् । यस्तै, वाग्मती गाउँपालिकामा ७, कोन्ज्योसोम गाउँपालिकामा ५ र महाकांल गाउँपालिकामा ६ वटा वडा छन् ।

## यति....

यसबारे मियासँग पटक पटक सम्पर्क गर्दा सम्पर्क हुन सकेन ।

क्यानडाको अवैध धन्दामा मियाको संलग्नता रहे नरहेको छानविनको विषय भएको छ । यसबारे मध्यान्हको अनुसन्धान जारी छ ।


VACANCY ANNOUNCEMENT

PRO (M/F) : 2
RECEPTIONIST (F) : 1
RECEPTIONIST (F) : 1

- QUALIFICATIONS:
  +2 Passed or above
- EXPERIENCE
  Experience in the Manpower field will be highly appreciated.

International H.R. Solution Pvt.ltd.
Sinamangal,09-Kathmandu,Nepal
Tel: 0-1-4110713, 4110850
Email :internationalhr1084@gmail.com

साउदीमा रोजगार | १. कम्पनी : AFRAH MUBARAK AL-HAMMADI GEN. CONT. EST.
शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७८/०५/२७ चलानी नं.: ६०१६२८६२ LT. No.: 237090 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL-BUNYAN SPECIALIZED CONTRACTING EST शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०७/१४ चलानी नं.: ६०१६६६३६ LT. No.: 249583 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Paint Building | 3 | 0 | | 1400 | ४४,४५० | | | | | | | |
| 3. | Plasterer/melissa | 5 | 0 | | 1400 | ४४,४५० | | | | | | | |

३. कम्पनी : INTERNATIONAL RECRUITMENT COMPANY शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०२/०५ चलानी नं.: ६०१५८८८२ LT. No.: 240601 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 9 | 0 | | 1200 | ३८,१०० | | | | | | | |
| 3. | Loading And Unloading Worker | 10 | 0 | | 1000 | ३१,७५० | | | | | | | |
| 4. | Waiter | 5 | 0 | | 1200 | ३८,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मसिंर १२ गते (28 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को निःशुल्क अन्यको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा

Work Force Services Pvt. Ltd.
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website : www.workforce.com.np

# सिरहामा २६ हजार ४ सय गाँजाको बोट फँडानी



**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ४ मंसिर

सिरहा प्रहरीले छुट्टाछुट्टै स्थानबाट ठूलो परिमाणमा अवैधरुपमा खेतमा लगाइएको गाँजा फँडानी गरेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले मिर्चैया नगरपालिका वडा नं. ९, गोलबजार नगरपालिकाको वडा नं. ७, ८, ९, १० र धनगढीमाई नगरपालिका वडा नं. १२ को करिव ७ विगहा जमिनमा लगाएको २६ हजार ४ सय गाँजाको बोट फँटानी गरी आगजनी गरेर नष्ट गरेको हो।

अवैधरुपमा लगाइएको गाँजा फँडानी गर्ने अभियान अन्तर्गत शनिबार फल लाग्नु अगावै फँडानी गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डिएसपी सुवास बुढाथोकीले मध्यान्हलाई जानकारी दिए। अहिले नै नष्ट गर्दा प्रहरीलाई पनि हैरानी कम हुने र किसान पनि निरुत्साहित हुने उनले बताए।

यस क्षेत्रका किसानहरुले प्रहरीलाई झुक्याउन चारैतर्फ उखु, रहर, तरकारी खेती लगाएर बीचको भागमा गाँजा लगाउने गरेको पाइएको प्रवक्ता बुढाथोकीले बताए। कतिपयले करेसाबारी तथा आँगनमा समेत गाँजाको विरुवा लगाउने गरेको पाइएको प्रहरीले जनाएको छ। मानिसले परबाट हेर्दा अन्य बालिजस्तो लाग्ने गरी गाँजाको खेती गरिएको प्रहरीको भनाई छ। किसानले प्रहरीलाई छल्न नै त्यस्तो उपाय निकालेको हुन सक्ने प्रहरीले जनाएको छ। गाजाँको मूल्य दिनानुदिन बढेसँगै सिरहामा लुकिछिपी गाँजा खेतीगर्ने किसान बढ्दै गएको जानकारहरु बताउँछन्।



थानकोटमा महालक्ष्मी गणेश जात्रा २०७८ को अवसरमा शनिबार,गणेश र भैरवको रथ बोकेर जात्रा मनाइदै। तस्वीर : रासस

# प्रदेश २ मा माओवादी पहिलो पार्टी बन्छः प्रचण्ड



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ४ मंसिर

नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई रौतहटमा ५१ किलोको माला लगाएर स्वागत गरिएको छ। नेकपा माओवादी केन्द्र जिल्ला समन्वय समिति रौतहटद्वारा स्थानीय कटहरिया बजारमा आयोजित जनसभा सम्बोधन तथा पार्टी प्रवेश कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री प्रचण्डलाई कार्यकर्ताले ५१ किलोको फूलको माला लगाइदिएर स्वागत गरेका हुन्। शनिबार बिहान ११ बजेको समय कार्यक्रम निर्धारण भएपनि प्रचण्ड दिउँसो करिब २ बजे आइपुगेका थिए।

प्रचण्डले रौतहटको गरुडामा रहेको श्रीराम सुगर मिल सञ्चालन गर्ने पहल गर्ने आश्वासन दिए। रौतहटको कटहरिया नगरपालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कटहरियामा मालपोत कार्यालय कृषि विकास बैंकसहितको सरकारी कार्यालयहरु स्थापना गराउन आफूले पहल गर्ने बताए।

रौतहटमा किसानको समस्या रहँदै आएकोले त्यो समाधानका लागि सम्बन्धित निकायमा आफूले पहल गर्ने समेत उनले बताए। जिल्लामा लालबकैया र बागमती लगायतको नदीहरुका कारण यहाँको जनताले क्षति ब्यहोर्दै आइरहेको बताउँदै नदी नियन्त्रणको लागि आफ्नो पार्टीकै मन्त्रालय रहेकोले यसको लागि आफूले ठाडो आदेश दिने बताए। प्रदेश नम्बर २ मा माओवादी पहिलो पार्टी बन्ने समेत प्रचण्डले दाबी गरे।

मधेश माओवादीमय बन्दै गएको पनि उनले दाबी गरे। मधेशीको हक अधिकारको लागि खह्रो रुपमा उत्रिएको कारण माओवादीको लोकप्रियता बढ्दै गएको उनले दाबी गरे। साथै प्रचण्डले माओवादीले संघीयता छोड्यो भन्ने झुटलाई व्यापक प्रचार गरिएको पनि उलने बताए।

रौतहट क्रान्तीकारी वीरहरुको जिल्ला रहेको उनले बताए। परिस्थितिकोसामना गर्ने लालकिलाको रुपमा यो जिल्ला रहेको उनले बताए। जनसभामा माओवादी केन्द्रका नेता कार्यकर्ताहरुको बाक्लो उपस्थिति थियो।

# सुनिश्चत सहकारीको नवौँ वार्षिक साधारणसभा सम्पन्न



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ४ मंसिर

सुनसरीको इटहरीस्थित सुनिश्चित महिला कृषि सहकारी संस्थाको नवौं साधारणसभा सम्पन्न भएको छ। संस्थाकी अध्यक्ष रेनुका सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा चर्चित लोक गायिका गंगा गौतमले विभिन्न गीतहरू गाएर उपस्थित सेयर सदस्यहरूलाइ मनोरञ्जन दिलाएकी थिइन्।

कार्यक्रममा सहकारी स्थापना देखि हालसम्म आइपुग्दा विभिन्न माध्यमहरूबाट सहयोग तथा योग्दान पुऱ्याउने विशिष्ट व्यक्तिहरुलाई सम्मान समेत गरिएको थियो। त्यस्तै सहकारीमा लामो समयदेखि अध्यक्ष भएर सहकारीलाई यो स्थानसम्म ल्याउन महत्वपूर्ण भूमिका र योगदान पुऱ्याउने संस्थाकी अध्यक्ष रेणुका सुवेदीलाई पनि कार्यसमितिका पदाधिकारीहरूले सम्मान गरेका थिए।

त्यस्तै सहकारी भित्रै आवद्ध ज्येष्ठ नागरिक गायत्रा दाहाल, एकल महिलातर्फ सजा दाहाल, मासिक बचतकर्ता उषादेवी धमलालाई पनि सम्मान गरिएको थियो।

त्यस्तै कार्यक्रममा गत वर्ष सम्पन्न प्लस टुमा उत्कृष्ट नतिजा ल्याउन सफल सेयर सदस्यका छोरा छोरीहरूलाई पनि सम्मान गरिएको थियो। यसरी सम्मानित हुनेहरूमा छात्रातर्फ जुना कटुवाल, छात्रतर्फ दर्शन कोइराला र हिमाल दंगाल रहेका छन्।

कार्यक्रममा संस्थाकी अध्यक्ष रेनुका सुवेदीले सहकारीले वर्षभरी गरेको प्रगति विवरण तथा आगामी योजनाहरूको बारेमा उपस्थित सेयर सदस्यहरूमाझ प्रतिवेदन पेस गरेकी थिइन्। कार्यक्रमका प्रमुख अतिथि इटहरी उपमहानगर वडा नं २ का वडाध्यक्ष हर्क मगरले अन्य सहकारी संस्थाहरूको तुलनामा सुनिश्चित सहकारीले स्थापनाको छोटो समयमै बेग्लै पहिचान बनाएर भविष्य समेत नाम अनुसारकै सुनिश्चित गरिसकेको भन्दै प्रशंसा गरेका थिए। कार्यक्रममा संस्थाकी उपाध्यक्ष सुभद्रा प्याकुरेलले स्वागत मन्तव्य राखेकी थिइन् भने विशिष्ट अतिथिहरू इटहरी उपमहानगरकी सहकारी तथा कृषि शाखा प्रमुख गंगा घिमिरे, महिला सीप विकाश केन्द्र इटहरीकी अध्यक्ष राधिका थापा, सहकारीका सल्लाहाकार कृष्ण प्रसाद भट्टराई लगायत अन्यले शुभकामना मन्तव्य राखेका थिए।

विभिन्न समयमा कृषि सम्बन्धि फलफुल लगायत तरकारीजन्य बिउ र बिरूवाहरू वितरण गर्दै आएको उक्त सहकारीले सम्पन्न साधारण सभाबाट नयाँ समिति चयन गर्नेछ।

# कांग्रेस परोहा नगरसभापतिमा यादव



**ललन कुमार चौरसिया/मध्यान्ह**
रौतहट, ४ मंसिर

रौतहट परोहा नगरसभापतिमा जबाहरलाल प्रसाद यादव निर्विरोध चयन भएका छन्। यस्तै, उपसभापतिमा मो. तजमुल, फरमुद अंसारी, सचिवमा रघुनाथ प्रसाद कलवार, मो. लाडले, सहसचिव, तपसी महतो, बच्चा सिंह, कोषाध्यक्षमा, खेदु मुखिया निर्विरोध निर्वाचित भएको छ।

नेपाली कांग्रेसको विधानको स्वरूप अनुसार एक जना सभापति, दुई जना उपसभापति, दुई जना सचिव, दुई जना सहसचिव र एक जना कोषाध्यक्ष रहने गरी नगर समितिमा चयन गरिएको हो।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा रौतहट क्षेत्र नं २ (ख) विधायक प्रत्यासी रामचन्द्र गीरी, विष्टिअथितिमा परोहा नगरपालिकाको नगर प्रमुख शेख वकिल, तरूण दलका अध्यक्ष मो. नैसाद लगायतको उपस्थिति रहेको थियो।

# मकवानपुरमा एचआईभी संक्रमित बढ्दै

**वाग्मती/मस**–मकवानपुरमा हाल एचआईभी संक्रमितको संख्या ३ सय ९९ पुगेको पाइएको छ। यसको संख्या महिनैपिच्छे बढ्दै गएको हेटौंडा अस्पतालले जनाएको छ। प्रत्येक महिना ४- ५ एचआईभीका नयाँ संक्रमित देखिने गरेको छ। उक्त अस्पतालका अनुसार जिल्लामा ती संक्रमितमध्ये १४७ महिला, १४४ पुरुष र १८ तेश्रो लिंगी रहेको बताइएको छ। उनीहरुले उक्त अस्पतालबाट संक्रमण विरुद्धको एआरटी औषधि नियमितरुपमा सेवन गरिरहेको जनाइएको छ। अस्पतालका एआरटी काउन्सुलर सुजल श्रेष्ठले जिल्लामा एचआईभी संक्रमितको संख्या बढ्दै गरेको जानकरी दिँदै मकवानपुरका केही संक्रमितका साथै अन्य जिल्लाका संक्रमितले समेत एआरटी खाइरहेका बताए।

सन् २०१२ देखि हालसम्म जिल्लामा ३२ जनाको एचआईभी संक्रमणबाट मृत्यु भइसकेको छ। एचआईभी हुँदैमा एड्स नहुने र एचआईभी संक्रमित धेरै वर्षसम्म स्वस्थ्य रहने भएकाले रोगलाई लुकाउन नहुने र समय समयमा उपचार गराउनु पर्ने उनको भनाइ छ। संक्रमित भएको लामो समयसम्म उपचार नगराएमा पछि उपचार गर्न समस्या हुने र किटाणु वृद्धि भएर संक्रमितको रोगसँग लड्ने क्षमता पनि कम हुने काउन्सुलर श्रेष्ठले बताए। एचआईभी संक्रमितमा लामो समयसम्म ज्वरो आउने, पसिना आउने, पखाला लाग्ने र अन्य कारणबाट समेत लामो समयसम्म सञ्चो नभए चिकित्सकसँग परामर्श गरी उपचार गराउनुपर्ने चिकित्सकको भनाइ थियो।

असुरक्षित यौन सर्म्पक, संक्रमितको रगत तथा सिरिन्जको प्रयोगले यो रोग सर्ने भएकाले त्यसबाट जोगिनुपर्ने बताइएको छ। सरकाले यस रोगका सम्वन्धमा समय समयमा चेतनामूलक कार्यक्रम गरिरहेकोले रोग लुकाउन नहुँनेमा काउन्सुलर श्रेष्ठले बताए।

# रामदेव र बालकृष्णलाई आठबुँदे मागपत्र

**बनेपा/मस**–भारतीय योगगुरु रामदेव र आचार्य बालकृष्णलाई पतञ्जलि आयुर्वेद मेडिकल कलेज एन्ड रिसर्च सेन्टर काभ्रेका विद्यार्थीले आठबुँदे मागपत्र बुझाएका छन्। पतञ्जलि योग समिति बनेपाले निर्माण गरेको भवन उद्घाटनका लागि बनेपा आउने क्रममा काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-३ मा रहेको आयुर्वेद मेडिकल कलेज एन्ड रिसर्च सेन्टरको अनुगमन गर्न पुग्ने क्रममा त्यहाँ अध्ययनरत विद्यार्थीले कजेल प्रशासनले विभिन्न बहानामा कलेज बन्द गर्ने र विश्वविद्यालयलाई कलेजले तिर्नुपर्ने रकम कलेज प्रशासनले नतिरेका कारण आफूहरुको परीक्षाको नतिजासमेत रोकिएको भन्दै कलेजलाई निर्वाध रुपमा कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउन मागपत्र बुझाएको विद्यार्थीहरुले बताएका छन्।

सो क्रममा विद्यार्थीहरुले आफूहरुले कलेजमा विभिन्न समस्या भोग्नुपरेको बताएका छन्। त्यसरी कजेलमा विभिन्न समस्या भोग्नुपरेको अवस्थालाई समाधान गर्न आग्रह गर्दै योगगुरु रामदेव र आचार्य बालकृष्णलाई विद्यार्थीले आग्रह गरेका हुन्। सो क्रममा विद्यार्थीहरुले प्रत्येक विषयका लागि विषयगत शिक्षकको अभाव र अन्तिम वर्षमा छ विषयमध्ये तीनवटा विषयगत विशेषज्ञको अभाव रहेको, प्रयोगशाला र बोटानिकल गार्डेनको अभाव, विषयगत विभाग सञ्चालन नभएको, आफ्नै आयुर्वेद अस्पतालको अभाव (भवन बनिसकेको भए पनि सञ्चालनमा नआएको), ट्रष्टीबाट बेलाबेलामा कलेज बन्द गर्ने धम्की आउने, नियमित आन्तरिक परीक्षाको अभाव, समयमा विश्वविद्यालयलाई तिर्नुपर्ने शुल्क नतिर्दा आफूहरुको परीक्षाको नजितासमेत रोकिएको र खेलकुद मैदान तथा सामग्रीको अभाव रहेका कारण त्यसलाई समयमा नै व्यवस्थापन गरिदिन मागपत्र पेस गरेको हो।



कजेलका पाँचौं वर्ष (अन्तिम वर्ष) का विद्यार्थी रुपेशकुमार ठाकुरले आफूहरुले कलेजमा भोग्दै आएका समस्या सबै प्रस्तुत गरेर समाधान गरिदिनका लागि आग्रह गरिएको बताए। समस्याको समाधान गर्नका लागि उनीहरुलाई बुझाएको मागपत्र चौथो पटकको भएको विद्यार्थीहरुको भनाइ छ।

आफूहरुले अहिलेसम्ममा अध्ययन मात्रै गरिरहेकामा कलेजले इन्टर्नसिपसमेत नगराएकामा मागपत्र राखेपछि योगगुरु रामदेवले हरिद्वार लगेर भएपनि इन्टर्नसिप गराउने र कलेजमा भएका सबै समस्याबारे आफुलाई जानकारी भएकाले बिस्तारै सबै समस्याको समाधान गर्दै जाने आश्वासन दिएको बताइएको छ।

यसैबीच पतञ्जलि योग समिति बनेपाले निर्माण गरेको आफ्नै भवनको शनिबार एक समारोहबीच योगगुरु रामदेव र आचार्य बालकृष्णले उद्घाटन गरेका छन्।

बनेपा नगरपालिका-५ मा निर्माण गरेको नयाँ भवन पक्की तीनतलाको छ। भवनको उद्घाटन गर्दै योगगुरु रामदेवले योगले आफ्नो जीवनले पुण्य मिल्ने बताए। सो क्रममा उनले राजनीतिक धर्म अस्थायी भएको र योग धर्म स्थायी भएकाले योग धर्मले शान्ति, अहिंसा, प्रेम र करुणाको भाव दिने बताए।

आचार्य बालकृष्णले मान्छेले गरेको श्रद्धा र समपर्णलाई अरू कसैले भौतिक रुपमा मूल्यांकन नगरे पनि आन्तरिक मूल्यांकन हुनेमा जोड दिए। कोरोनाको समयमा नेपाल र भारतमा कुनै पनि संस्थाले सेवा र लाभ पुऱ्याएको छ भने पतञ्जलि योग समितिले गरेको जनाउँदै त्यो बेलामा गुर्जो र तुलसी बोकेर योग ज्ञानका बारेमा शिक्षा दिँदै हिँडेको उनले स्मरण गरे।

# दुई वर्षदेखि पारिश्रमिक नपाएपछि आन्दोलनमा

**बैतडी/मस**– दुई वर्षदेखि पारिश्रमिक नपाएको भन्दै सडक मजदुर (लेन्थवर्कर) आन्दोलनमा उत्रिएका छन्। उनीहरु बैतडीको पाटन-पञ्चेश्वर सडकखण्डमा रिले अनशन बसेका छन्। सडकमै अनसन बसेपछि पाटन नगरपालिका-६ स्थित लोर्खामा सडक अवरुद्ध पारेका छन्।

मंसिर १ गतेदेखि दोस्रोपटक अनशन सुरु गरेका मजदुर हरुले दुई वर्षदेखिको पारिश्रमिक पाउनुपर्ने र रोजगारी सुनिश्चितताको माग गरेका छन्। सडकखण्ड बिहानैदेखि अवरुद्ध भएकाले प्रहरी टोली खटिएको इलाका प्रहरी कार्यालय पाटनका प्रमुख प्रहरी निरीक्षक राजेश शाहीले जानकारी दिए। यसअघि गत असारमा २१ दिन पाटन-पञ्चेश्वर सडकखण्डको प्रवेशद्वार पाटन बजारनजिकै २१ दिन रिले अनशन बसेका थिए। त्यतिबेला पनि आश्वासनकै भरमा अनशन तोडेका थिए। लेन्थवर्करहरु पारिश्रमिक र रोजगारी सुनिश्चतताको माग गर्दै सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट समक्ष माग गर्दै कार्यालय समेत धाएका थिए।

**भूलसुधार**

मिति २०७८/०८/०३ गते यसै दैनिकमा प्रकाशित AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L., KUWAIT को बिज्ञापनमा अन्तरवार्ता मिति २०७८ मंसिर १२ गते (28 November 2021) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं. ४०३४६७७, ९८५११२५२७५
Email:manakamanamfec@gmail.com

# युरोपमा फेरि फैलँदै संक्रमण
# अस्ट्रियामा पूर्ण लकडाउन




**काठमाडौं/एजेन्सी-** युरोपका केही देशहरूमा कोरोनाभाइरस संक्रमणका घटनाहरूमा वृद्धि भएपछि कोभिडको नयाँ लहरका बारेमा चिन्ता व्यक्त गरिएका छन् । जर्मनी, अस्ट्रिया, नेदरल्यान्ड्स, इटली र युकेमा कोभिड संक्रमण दर उकालो लाग्न थालेपछि त्यहाँ विभिन्न प्रतिबन्धात्मक उपायहरू अपनाउनुका साथै खोप अभियानलाई तीव्र बनाउन थालिएको छ ।

अस्ट्रियाले सोमवारदेखि देशव्यापीरुपमा पूर्ण लकडाउनको घोषणा गरेको छ। यो लकडाउन २० दिनसम्म रहन सक्ने बताइएको छ । अस्ट्रियामा सन् २०२२ फेब्रुअरी १ देखि कोभिड खोपलाई लगाउनै पर्ने कानुनी बाध्यता बनाइएको छ ।

अस्ट्रियामा पश्चिम युरोपकै सबैभन्दा धेरै संक्रमण देखिएको छ । त्यहाँ कमैले मात्रै खोप लगाएका छन् । 'हामी पाँचौं लहर चाहँदैनौं,' चान्सलर एलेक्सजान्डर स्यालेन्बर्गले नौ प्रान्तका गभर्नरहरूसँगको छलफलपछि भने । अस्ट्रियामा अहिले प्रति एक लाख जनसंख्यामा १ हजार ५० जनाको दरले संक्रमण भएको तथ्यांकले देखाउँछ ।

कुल ९० लाख जनसंख्या भएको अस्ट्रियामा शुक्रवार थप १५,८०९ जनामा संक्रमण पुष्टि भएको थियो । लकडाउनमा अस्ट्रियाली नागरिकहरूलाई घरबाट काम गर्न भनिएको छ भने अत्यावश्यक बाहेकका व्यापार व्यवसाय बन्द गरिने छन् । अस्ट्रियाका स्वास्थ्यमन्त्रीले लकडाउनलाई अन्तिम अस्त्र भनेका छन् ।

जर्मनीमा भने गएको साता दैनिक अत्यधिक संक्रमण देखिएको छ । स्वास्थ्यमन्त्री यान्स स्पानले यसलाई 'एकीकृत राष्ट्रिय बल आवश्यक पर्ने एउटा राष्ट्रिय आपत्काल' भनेका छन् । यसको नतिजा स्वरूप जर्मनीले खोप नलगाएका व्यक्तिलाई थप कडाइ गरिने बताएको छ ।

अस्पताल भर्ना धेरै भएका स्थानमा खोप नलगाएका व्यक्तिहरूलाई प्रतिबन्धहरू लगाउन चान्सलर एङ्गेला मेर्कल र जर्मनीका १६ प्रान्तका नेताहरू सहमत भएका छन् । नयाँ नियमानुसार खोप नलगाएका व्यक्तिलाई खेल स्थल, सांस्कृतिक कार्यक्रम र रेस्टुराँजस्ता स्थानहरूमा प्रवेश निषेध गरिने छ ।

मेर्कलले जर्मनीको कोभिड अवस्थालाई नाटकीय भन्दै तुरुन्तै संक्रमणमा ब्रेक लगाउनु पर्ने बताएकी छन् । जर्मनीमा बिहीवार थप ६५ हजार जनामा संक्रमण पुष्टि भएको थियो जुन महामारी सुरु भएयताकै सबैभन्दा ठूलो दैनिक संक्रमण हो ।

शुक्रवार नेदरल्यान्ड्सको प्रहरीले रोटरड्याममा कोभिड प्रतिबन्धविरोधी प्रदर्शनकारीमाथि गोली चलाउँदा कम्तीमा दुई जना घाइते भएका छन् । प्रदर्शनकारीहरूले ढुङ्गा मुढा गर्नुका साथै प्रहरीका गाडीमा आगजनी गरेका थिए । कोभिड खोप पासको सरकारी योजनाको र नयाँ वर्षमा पटाका निषेध गर्ने निर्णयको विरोधमा सयौं प्रदर्शनकारीहरू जम्मा भएका हुन् । महामारीयता सबैभन्दा ठूलो सङ्ख्यमा दैनिक संक्रमण पुष्टि भएपछि गत शनिवार नेदरल्यान्ड्सले तीन साता लामो खुकुलो कोभिड लकडाउन लागु गरेको छ ।

# हत्या आरोपीले उन्मुक्ति पाएपछि बाइडेन आक्रोशित



**काठमाडौं/एजेन्सी-** अमेरिकामा गएको वर्ष रंगभेदविरुद्ध भएको प्रदर्शनको क्रममा गोली चलाएर दुईजनाको ज्यान लिने तथा एकजनालाई घाइते बनाउन किशोरले उन्मुक्ति पाएका छन् । राजनीतिक रुपमा विभाजित सुनुवाइपछि विस्कनसिनको अदालतको जुरीले शुक्रबार १८ वर्षका कायल रिटनहाउसलाई सबै आरोपबाट मुक्ति दिएको हो ।

सन् २०२० को अगस्ट २५ मा रिटनहाउसले विस्कनसिन राज्यको केनोशामा गोली चलाएका थिए । उनले चलाएको गोली लागेर ३६ वर्षका जोशेप रोसेनबम र २६ वर्षका एन्थोनी हुबरको ज्यान गएको थियो । यस्तै २७ वर्षका गेइगर ग्रोसक्रेट्ज घाइते भएका थिए। गोली प्रहार गर्ने रिटनहाउस र गोली लागेका तीनैजना श्वेत हुन् ।

रिटनहाउसमाथि पाँचवटा अभियोगा लागेको थियो । त्यसमा आजीवन काराबास हुन सक्ने नियतबस गरिएको हत्या अभियोग पनि थियो । तर १२ जना रहेको जुरीले उनलाई सबै अभियोगबाट मुक्ति दिएको हो । रिटनहाउस र उनका वकिलले आत्मरक्षाका लागि गोली प्रहार गरेको दाबी अदालतसमक्ष प्रस्तुत गरेका थिए ।

गएको वर्ष प्रहरीले ज्याकोब ब्लेक नाम गरेका अश्वेत अमेरिकीमाथि गोली प्रहार गरेपछि केनोशामा रंगभेदविरुद्ध प्रदर्शन भएको थियो । त्यो बेला १७ वर्षका रिटनहाउस छिमेकी राज्य इलनोइमा रहेको आफ्नो घरबाट केनोशा गएका थिए, 'सेमी-अटोमेटिक राइफल' सहित आफू प्रदर्शनकारीबाट स्थानीयको सम्पत्ति रक्षाका लागि गएको दाबी गरेका छन् ।

बन्दुकसम्बन्धी अधिकारलाई लिएर विभाजित अमेरिकामा रिटनहाउसनको मुद्दा राजनीतिक विषय बनेको छ । बन्दुकसम्बन्धी स्वतन्त्र अधिकारका पक्षधरहरुले रिटनहाउसलाई नायकका रुपमा प्रस्तुत गरिरहेका छन् । तर अर्को पक्ष भने एक किशोर भिजिलान्तेका रुपमा हतियारसहित प्रदर्शनमा गएर गोली चलाउनु गम्भीर चिन्ताको विषय रहेको बताउँछन् ।

**बाइडेन आक्रोशित**

सफाई दिने अदालतको निर्णयले अमेरिकी राष्ट्रपति जो बाइडेन आक्रोशित भएका छन् । बाइडेनले विज्ञप्ति निकाल्दै आफ्नो आक्रोश जताएका हुन् । यसअघि भने उनले अदालतको फैसलाको सम्मान गर्ने टिप्पणी दिएका थिए ।

चुनाव प्रचारका दौरान बाइडेनले आफ्नो ट्विटर एकाउन्टमार्फत एक ट्वीट गरेका थिए । जसमा उनले कायली श्वेत सर्वोच्चतावादी संगठनसँग जोडिएको हुनसक्ने संकेत गरेका थिए । यद्यपि, यसबारे उनले कुनै पनि प्रमाण दिएका थिएनन् ।

अदालतको फैसलापछि मिडियाले बाइडेनलाई उनी आफ्नो मान्यतामा अडिग छन् वा छैनन् भन्ने विषयमा प्रश्न राखेको थियो । 'म अदालतको फैसलालाई सम्मान गर्छु । न्याय प्रणालीले काम गर्छ र हामीले यसको पालना गर्नुपर्छ,' बाइडेनको प्रतिक्रिया थियो ।

# पाकिस्तानी प्रधानमन्त्रीद्वारा बालअधिकारप्रति दृढ प्रतिबद्धता

**काठमाडौं/एजेन्सी-** पाकिस्तानी प्रधानमन्त्री इमरान खानले शनिबार बालअधिकार कायम राख्न र देशका प्रत्येक बालबालिकाको राम्रो भविष्य सुनिश्चित गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याएका छन् ।

प्रधानमन्त्रीले विश्व बाल दिवसका अवसरमा जारी शुभकामना सन्देशमा पाकिस्तान सरकार विकास, शिक्षा, स्वास्थ्य सेवा, सहभागिता, मर्यादा र सुरक्षा लगायतका प्रत्येक बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न कटिबद्ध रहेको बताएका छन् ।

'हामी पाकिस्तानमा बालबालिकाको अधिकारको संरक्षण र उनीहरूलाई पाकिस्तानको उत्पादक नागरिक बन्नको लागि समान अवसरहरू प्रदान गर्ने हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गरौं,' खानले भने । उनले वर्तमान सरकारले मुलुकमा बालअधिकारको संरक्षणका लागि राष्ट्रिय बालअधिकार आयोगको स्थापनालगायत विभिन्न पहल गरेको बताउँदै बाल संरक्षण संस्थानको स्थापना र विभिन्न ऐनहरू निर्माण गरिरहेको समेत उल्लेख गरेका छन् ।

यसैगरी अन्य कल्याणकारी उपायहरू, जस्तै कुपोषित बालबालिकालाई पोषण सहयोग र हेल्थ कार्डहरू मार्फत विश्वव्यापी स्वास्थ्य सेवा पनि शुरु गरिएको प्रधानमन्त्रीले बताएका छन् । साथै, भावी पुस्तालाई ध्यानमा राखेर स्वच्छ र हरित पाकिस्तानको पहल शुरु गरिएको पनि उनले उल्लेख गरेका छन् ।


## मोटरसाइकल हराएको सूचना

मिति २०७८/०७/२९ गते रातको समयमा का.म.न.पा. वडा नं.-३ ईचंगुनारायण स्थित भैरवनाथ मन्दिर अगाडी पार्किङ गरेर राखेको ठाउँबाट बाग्मती प्रदेश ०२-०२८ प ८३७८ नंम्बरको कालो रंगको २२० सि.सि पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीः कबिर बहादुर विश्वकर्मा
ठेगानाः ईचंगुनारायण -३, काठमाडौं
च्यासिस नंः MD2A13EXXMCD-87067
इन्जीन नं : DHXCMD-06482
सम्पर्क : 9841302923

## कम्पनीको नाम परिवर्तन भएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७८।०८।०५
यस कम्पनीको मिति २०७८।०५।२५ गते बसेको विशेष साधारण सभाको बैंठकको निर्णय बमोजिम साबिकको कम्पनी काठमाडौं ग्रीन क्याब प्रा. लि. (प्रा.लि.नं. : २३४५५१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **काठमाडौं ग्रीन हवील्स् प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन भएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७८।०८।०५
यस कम्पनीको मिति २०७८।०७।२५ गते बसेको विशेष साधारण सभाको बैंठकको निर्णय बमोजिम साबिकको कम्पनी रिभेरा रिजोर्ट एण्ड स्पा प्रा. लि. (प्रा.लि.नं. : २७५५७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **साङ्ग्रिला फरेस्ट रिजोर्ट प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Sunawarshi Municipality
## Office Of The Municiple Executive
**Dainiya, Morang**
**Province No:- 01**

## INVITATION FOR BID

**Published date: 2078/08/05 (2021/11/21)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/NEA/ 078/79-01 | *Supply and Delivery And Installation of 11/0.4kV (HT/LT) Line Materials* | | 5,50,000 /- | 5,000 /- |
| SUNMUN/BUILDING/ 078/79-02 | *construction of cold storage* | | 7,00,000 /- | 5,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9849806579 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Civil Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 06910179045107
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2078/09/05 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2078/09/06. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Poush, 06, 2078 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

## Romania मा रोजगार

कम्पनीः RIGHTMAN SRL
शहरः DOMNESTI

पुर्व स्वीकृत मितिः २०७८/०८/०३ | चलानी नं.: ६०१६८०७९ | L.T. No.: 251041

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ७७,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook Helper | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 3. | Waiters | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 4. | Dish Washer | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 5. | House Keeping | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |
| 6. | General Workers | 10 | 10 | | 550 | ६५,१६४ | | | | | | | |
| 7. | Construction Worker | 10 | 0 | | 550 | ६५,१६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १२ गते ( 28 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 554/062/063

**A JOURNEY MAN OVERSEAS Pvt. Ltd.**
Kushal Marga, Sukedhara, 04 Kathmandu
Mobile: 9818970152
Email : ajourneymanoverseas@gmail.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOXCY CO LTD | शहर : GUN SHIGA

पूर्व स्वीकृत मितिः २०७८/०८/०३ | चलानी नं.: ६०१६८११३ | Lt. No.: 251178

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BOX MAKER | 5 | 146981 | १,५२,८६० | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १२ गते (28 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु ४०,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

(श्रम इजाजत नं: ५४३/०६१/०६२)

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
Mobile: 9818306336, 9823391330, 9810219345

" Real Happiness Lies in Making Other Happy"

# बक्स अफिस समाचार

संघर्षले नै मानिसले सफलताको बाटोमा अघि बढाउँछ भन्ने कुराको उदाहरण हुन् मोडल उषा सुवेदी । स्कुले जीवनदेखि नै आफुभित्रको प्रतिभालाई आमदर्शक माझ प्रस्तुत गर्दै आइरहेकी अहिलेको चर्चित मोडल उषा सुवेदी आफ्नो अभिनय कलामार्फत आज आमदर्शकको मन मुटुमा बस्न सफल भएकी छन् । उनलाई नेपाली कला क्षेत्रमा सम्भावना भएको मोडलको रुपमा लिइन्छ । देश तथा विदेशमा हुने विभिन्न स्टेज कार्यक्रमहरुमा उपस्थिति जनाउँदै आइरहेकी सुवेदी कोरोना कहरले कला क्षेत्र मात्र नभएर सबै क्षेत्रमा प्रभाव पारेकोमा चिन्तित छिन् । कलाकारितामा गरेको योगदानको कदर गर्दै विभिन्न दर्जन बढी संघसंस्थाले उनलाई सम्मान गरेका छन् । हालै राजधानीमा आयोजित 'साहरा एप तेस्रो सगरमाथा म्युजिक अवार्ड २०७८' बाट पनि उनी सम्मानित भएकी छन् । 'दुई दिन हँसायो' बोलको गीतबाट उनी सम्मानित भएकी हुन् भने 'साहरा एप तेस्रो सगरमाथा म्युजिक अवार्ड' लगातार तीन वर्ष आफ्नो नाममा पारेर ह्याट्रिक नै गर्न सफल भएकी छन् । लोक दोहरी प्रतिष्ठान बागमती प्रदेशकी सचिवसमेत रहेकी मोडल उषा मोडलिङको क्षेत्रमा सुधार ल्याउनु पर्नेमा जोड दिन्छिन् । मोडलिङको दुनियाँमा पृथक पहिचान बनाउन सफल उषा सुवेदी चर्चित भन्दा पनि कुशल कलाकार बन्ने चाहना रहेको बताउँछिन् । निषेधाज्ञा खुकुलो भएयता म्युजिक भिडियोमा ब्यस्त रहँदै आएकी उषा सुवेदीले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको संक्षिप्त कुराकानी:

## 'उमेर पुगेको छोरी मान्छेलाई प्रेम प्रस्ताव आइहाल्छ नि'



उषा सुवेदी, मोडल

**निषेधाज्ञा खुकुलो भयो, चाडपर्व पनि सकियो ब्यस्तता कतिको छ ?**

बिस्तारै निषेधाज्ञा खुल्यो, कामहरु भैरहेको छ पहिलाको जस्तो सहज तरिकाले काम त भएको छैन, जे होस् कामहरु दैनिक जसो नै भैरहेको छ ।

**कला क्षेत्रमा प्रवेश भैसकेपछि आफुमा के भिन्नता पाउनु भयो ?**

हिजो म कला क्षेत्रमा नहुँदा कसैले चिन्दैन थिए । आज सबैले उषा सुवेदी भनेर चिन्छन् यसमै भिन्नता छ ।

**मोडलिङमा भविष्य कतिको देख्नु हुन्छ ?**

सबैको भविष्य छ त म भन्दिनँ, आफ्नो मेहनतलाई विश्वास गरेर काम गर्दा भने अवश्य पनि भविष्य राम्रो छ ।

**मोडलिङ क्षेत्रमा विकृती बढ्यो भन्छन्, सुधारका लागि के गर्नुपर्ला ?**

सम्बन्धित संघसंस्थाको ध्यान जानु पऱ्यो, विकृति फैलाउनेलाई कानूनी हिसाबले कारबाही गर्नु पऱ्यो । यो क्षेत्रमा विकृती नहोस् भनेर हामीले पनि खबदारी गरिरहेका छौं ।

**पछिल्लो समय दर्शक श्रोताहरूले कस्तो खालको गीतसंगीत रूचाएको पाउनु भएको छ ?**

मान्छेको गीत संगीतप्रति आ-आफ्नै खाले रुची हुन्छ, मेरो विचारमा मौलिक, टिपिकल गीतहरु नै रुचाएको पाएको छु ।

**आफुले मोडलिङ गरेको गीतमध्ये मनपरेको चाहिँ कुन हो ?**

यति धेरै गीतमा मोडलिङ गरेको छु तर पनि केही समय पहिले सार्वजनिक भएको र चर्चामा पनि रहन सफल 'दुई दिन हँसायो' बोलको गीत सारै मन पर्छ मलाई । यही गीतले 'साहरा एप तेस्रो सगरमाथा म्युजिक अवार्ड २०७८' मा लोक दोहरी अभियान तर्फबाट सम्मानित पनि भएँ । यो अवार्ड मैले लगातार तीन वर्ष आफ्नो नाममा पारेर ह्याट्रिक नै गर्न सफल भएकी छु ।

**मोडलिङ बाहेक अरू के गर्नु हुन्छ ?**

रुचीको विद्या हो मोडलिङ । रमाइलो लाग्छ यो क्षेत्र । अहिले म पढ्दै बिजनेश पनि गर्छु ।

**स्टेज कार्यक्रमहरू शुन्य भएको अवस्थामा तपाईं कलाकारहरूको मुख्य आयश्रोतको विकल्प के हुन सक्छ ?**

कोरोना भित्रिनु भन्दा पहिले हामी कलाकार हरुलाई देश विदेशको कार्यक्रममा भ्याइनभ्याई हुन्थ्यो, कोरोना भित्रिएपछि दुई वर्ष त त्यतिकै बसेर नै बित्यो । अहिले बिस्तारै वातावरण सहज हुने क्रममा रहेको छ । रेगुलर काम भइरहनु नै आयश्रोतको माध्यम हो ।

**तपाईंको पहिलो म्युजिक भिडियो कुन हो र अहिलेसम्म कति भिडियो खेल्नु भयो ?**

मेरो पहिलो भिडियो 'काँकरीको झ्याङैमा लौका फलेको' गीतको हो । अहिलेसम्म दुई सय भन्दा बढी म्युजिक भिडियोमामोडलिङ गरिसकेको छु ।

**चलचित्रमा पनि खेल्नु भएको छ कि ?**

एउटा कलाकारको काम हो पात्र सुहाउँदो अभिनयमा न्याय दिन सक्नु पर्दा सानो होस् वा ठुलो, मेरो पनि चाहना त चलचित्र खेल्नु नै भएपनि अहिलेसम्म आफुले चाहेको जस्तो भूमिका र ब्यानर नभेटेका कारण चलचित्रमा काम गरेको छैन ।

**लोक दोहरी प्रतिष्ठानको सचिव हुनुहुन्छ, तपाईंको कार्यकालमा के परिवर्तन देख्न पाइएला ?**

म एउटा महिला भएको हैसियतले सबैभन्दा पहिला त महिलामाथि हुने शोषण र विकृतीको बारेमा सुधार ल्याउने कुरामा जोड दिन्छु । अग्रजहरुको सरसल्लाहमा यो क्षेत्रमा के कस्ता परिवर्तन गर्न सकिन्छ भन्ने कुरामा पनि छलफल गर्ने गरेको छु ।

**कलाकारबीच हुने राजनीतिलाई कसरी लिनु हुन्छ ?**

राजनीति नहुने कुनै ठाउँ हुँदैन, हरेक ठाउँमा राजनीति हुन्छ । कलाकारिताको क्षेत्रमा हुने राजनीतिलाई पनि म सामान्य रुपमा लिन्छु ।

**भावी लक्ष्य के लिनु भएको छ ?**

भविष्यको योजना कुनै एउटा बिजनेश गरेर कला क्षेत्रमा निरन्तरता दिने चाहना छ ।

**सुन्दर देखिनु हुन्छ, प्रेम प्रस्ताव कतिको आउँछ ?**


उमेर पुगेको छोरी मान्छे हुँ, प्रेम प्रस्ताव त आइहाल्छ नि ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

मलाई माया गर्नु हुने दर्शकहरुप्रति आभारी छु र तपाईं लगायत तपाईंको मिडियाप्रति यति मिठो कुराकानीको लागि धन्यवाद ।



# आशिष र आँचलको 'झ्याइँ झ्याइँ पञ्चेबाजा'



दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ४ मंसिर

गलबन्दी पछ्यौरी, पिरिम नलाउने, एक कान दुई कान मैदान आदी चर्चित गीतका गायक आशिष सचिन गौतमको नयाँ गीत 'झ्याइँ झ्याइँ पञ्चेबाजाले' एक कार्यक्रमबीच राजधानीमा सार्वजनिक गरिएको छ । गीतमा आशिषलाई गायिका ऋतिका श्रेष्ठले स्वरमा साथ दिएकी छिन् ।

मंसिर महिनाको वैवाहिक मौसमलाई उक्त गीतले थप रौनकता थप्ने विश्वास आशिषले गरेका छन् । गीतमा महेश आचार्यको शब्द र एसडी योगीको संगीत रहेको छ । गीतको भिडियोमा अभिनेत्री आँचल शर्मा र गायक आशिषको अभिनय देख्न सकिन्छ ।

बियोन्डको कन्सेप्टमा तयार पारिएको उक्त भिडियोमा विदेश जान बाध्य एक प्रेमजोडीको कथा समेटिएको छ । भिडियो निर्देशन कविराज गहतराजले गरेका हुन् भने डान्सिङ शैलीमा तयार भिडियो नेस स्टुडियोले निर्माण गरेको हो ।

कार्यक्रममा गायक तथा मोडल आशिषले राम्रो टिमवर्क भएकाले गीतको भिडियो राम्रो बनेको बताए । नेस स्टुडियोका एसडी योगी र ब्रिजेश श्रेष्ठले भिडियोमा काम गर्दा सहज रहेको बताउँदै सफलताको शुभकामना व्यक्त गरे ।


## भूल सुधार

मिति २०७८/०८/०२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **Al Mawja Lifeguard Services , पूर्व स्वीकृत मितिः** २०७६/१०/१२, **चलानी नं.:** ६०१५०५५० र **L.T. No.:231850, को पून विज्ञापनमा कामदारको पद Life Guard को पुरुष माग संख्या ६ जना र महिला माग संख्या २ जना, Accountant को पुरुष माग संख्या १ जना र Office Supervisor को पुरुष माग संख्या १ जना,** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**मास्टर जब प्रा. लि.**
श्रम इजाजत नं.: ८२७/०६६/०६७
तिलगंगा, एयरपोर्ट, काठमाडौं, नेपाल, फोनः ४११२५९२



## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः Zod Factory for Pastries and Bakeries - Abdullah Al Othaim Markets Company Branch शहरः Saudi
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१२२ LT. No.: 251337

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Kaiaas Eastern Factory for Industrial शहरः Saudi
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१२१ LT. No.: 251339

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः JAMAL AL SINAAH COMPANY शहरः Saudi
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८१२० LT. No.: 251340

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Labors | 30 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः Al Ryan International Polyclinic Co शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०८/०३ चलानी नं.: ६०१६८११८ LT. No.: 250882

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १२ गते (28 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ४ को निःशुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081 , Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com


## खप्तडछान्ना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छान्ना ,बझाङ्ग
सुदुरपश्चिम प्रदेश नेपाल

### कोटेशन आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।०५)

१. यस खप्तडछान्ना गाउँपालिका भित्रका स्वास्थ्य चौकिमा उपचार लिन आउने बिरामी/सेवाग्राहिहरुका लागि आवश्यक पर्ने नेपाल सरकारबाट निर्धारण गरिएका निःशुल्क सुचिका औषधि वितरणका लागि गाउँपालिकाबाट खरिद गरिने हुदाँ यो आव्हान पत्र जारी गरिएको छ ।

२. ईच्छुक आपुर्तिकर्ताहरुले नेपाल सरकारको ईजाजतप्राप्त, रजिष्टर्ड संस्था वा कम्पनिहरुले सामानहरुको मुल्य बिवरण खुलाएर सिलबन्दी कोटेशन भर्न सक्नुहुनेछ । सो फारमका लागि यस गाउँपालिकामा सम्पर्क राखि request for quotation फारम लिनु पर्नेछ वा यस गाउँपालिकाको website: www.khaptadchhannamun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।

३. सिलबन्दि कोटेशन सँगै यस गाउँपालिकाको प्राईम कमर्सियल बैंकमा रहेको खाता नं ०७६००२५९CA मा रु १०००।- (अक्षररुपि रु एक हजार मात्र फिर्ता नहुने गरि) जम्मा गरेको भौचर सँगै फर्म/कम्पनि दर्ता प्रमाणपत्र (नविकरण समेत), मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र र आ.ब. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा कोटेशन आईपुग्ने गरि कुरियर मार्फत वा सिधै कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

४. कोटेशन फारम सँकलनको अन्तिम मिति २०७८ मंसिर १९ गते ४:०० बजे सम्म।

५. थप जानकारीका लागि सम्पर्क नं ९८६५९१४४७३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**नोट**: सिलबन्दी कोटेशनहरु रितपूर्वक भए-नभएको यस गाउँपालिकाले छनौट गर्ने छ र रित पुगेका कोटेशन लाई मात्र मान्यता दिईनेछ ।

**दिपक कुमार रावल**
**नि. प्रमुख प्रशासकिय अधिकृत**

# श्री स्टारको शानदार जित

## ■ च्यासल ३-० ले पराजित, संकटा र हिमालयनको बराबरी




**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ मंसिर

शहीद स्मारक ए डिभिजन लिगमा श्री स्टार क्लबले शानदार शुरुवात गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा च्यासल युथ क्लबलाई ३-० गोल अन्तरले पराजित गर्दै श्री स्टारले लिगमा विजयी शुरुवात गरेको हो। श्री स्टारले तीनै गोल सेट पिसमा गरेको थियो। जसमध्ये दुई गोल फ्रिकिकमार्फत गरेको थियो भने एक गोल कर्नरमार्फत सम्भव भएको थियो।

खेलको २२ औं मिनेटमा श्री स्टारले अग्रता लिएको थियो। च्यासलका डिफेन्डर यान्निक केचाले सन्जोग राईलाई फल गरेपछि पाएको फ्रिकिकमा निशान खड्काले करिब ३० यार्डबाट शानदार गोल गरेका थिए। त्यसको तीन मिनेटपछि च्यासलले बराबरीको मौका खेर फालेको थियो। अनन्त तामाङले नेपाली मूलका इटालियन स्ट्राइकर विकास मेराग्लियालाई बक्सभित्र फल गरेपछि पाएको पेनाल्टीमा विकासकै प्रहार श्री स्टारका गोलरक्षक गुलामे जांगाले डाइभ गरी बचाए।

**ए डिभिजन लिग**

पहिलो हाफको अन्तिम मिनेटमा श्री स्टारले दोस्रो गोल गर्‍यो। हेमन्त थापामगरको फ्रिकिकमा रफायल बिडियासले गोललाइन नजिकैबाट हेडमार्फत गोल गरेका हुन्। दोस्रो हाफमा श्री स्टारले अर्को गोल थप्यो। ५८औं मिनेटमा हेमन्त थापामगरको कर्नरमा अनन्त तामाङको फ्रिहेडर गोलमा परिणत भएको थियो। यसअघि खेलको १५औं मिनेटमा थ्रीस्टारका रफायलले कमल श्रेष्ठलाई लडाएपछि पाएको फ्रिकिकमा अजित गुरुङको प्रहार श्री स्टारका गोलरक्षकले बचाएका थिए।

खेलको अन्त्यतिर श्री स्टारले गोल गर्ने अर्को अवसर गुमाएको थियो। ८५औं मिनेटमा रितिक खड्का र लाकेन लिम्बुले गरेको दुवै प्रहार च्यासलका गोलरक्षक प्रदीप भन्डारीले पन्च गरी बचाएका थिए।

### संकटा र हिमालयनको बराबरी

शनिबार भएको पहिलो खेलमा हिमालयन शेर्पा र संकटाले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्।

**आइतबारका खेल**
ब्रिगेड ब्वाइज-एपीएफ क्लब
जावलाखेल-मनाङ मर्स्याङ्दी

प्रतिस्पर्धात्मक बनेको खेलमा सुरुआती एक गोलको अग्रता जोगाउन नसक्दा संकटाले अंक बाड्नु परेको हो। पहिलो हाफमा दुबै टोलीले गोलको अवसर सिर्जना गर्न सकेनन्।

तर, खेलको ६० औं मिनेटमा लक्ष्मण रुचालले गोल गर्दै संकटालाई शुरुवाती अग्रता दिलाएका थिए। सुवास गुरुङको क्रसमा हिमालयनका गोलकिपर दीप कार्कीले बल फुत्काएपछि पाएको बलमा रुचालले सहजै गोल गरे। रुचाल यस वर्षको लिगमा गोल गर्ने पहिलो खेलाडी बने।

तर खेलको ६४ औं मिनेटमा त्रिदेभ गुरुङले गोल गर्दै हिमालयनलाई १-१ गोलको बराबरीमा ल्याए। जीवन गुरुङको क्रसमा त्रिदेभले हेड मार्फत टप कर्नरमा उत्कृष्ट गोल गरे। यस्तै खेलको ८४ औं मिनेटमा संकटाका गणेश हमालको प्रहार क्रसबारमा लाग्दै फर्किएको थियो। रिबाउन्डमा आएको त्यहिँ बलमा रुचालको हेडरले पोस्टको दिशा लिन सकेन। त्यसपछि दुबै टोलीले थप गोल गर्न सकेनन र बराबरीबाट दुबै टोलीले नयाँ सिजनको सुरुआत गरेको छ।

लिग अन्तर्गत आइतबार २ खेल हुँदैछन्। दिउँसो १ बजेदेखि शुरु हुने पहिलो खेलमा ब्रिगेड ब्वाइज र एपीएफ तथा साँझ पौने पाँच बजेदेखि शुरु हुने दोस्रो खेलमा जावलाखेल र मनाङ मर्स्याङ्दी आमने सामने हुनेछन्।

# सदस्य सचिवका लागि दरखास्त आह्वान



**काठमाडौं/मस-** युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सदस्यसचिव पदका लागि दरखास्त आह्वान गरेको छ। त्यसका लागि मन्त्रालयले शनिबार सूचना प्रकाशित गरेको हो।

अघिल्लो सरकारको पालामा नियुक्त रमेशकुमार सिलवाललाई बर्खास्त गरेपछि राखेपमा सदस्यसचिवको पद रिक्त छ। मन्त्रालयमा सचिव नहुँदा सदस्यसचिव नियुक्ती प्रक्रियामा पनि ढिलाई भएको थियो। त्यसकारण मन्त्रालयले सहसचिव विष्णुराज ढकाललाई निमित्त सदस्यसचिवको जिम्मेवारी दिएर राखेप पठाएको थियो।

मन्त्रालयले कात्तिक १७ गते निमित्त सचिव डा. कमलप्रसाद पोखरेलको संयोजकत्वमा डा. कमला ज्ञवाली र हरिबहादुर श्रेष्ठ सदस्य रहनेगरी तीन सदस्यीय सिफारिस समिति गठन गरेको थियो।


मन्त्रालयले पहिलो पटक सूचना प्रकाशित भएको दश दिनभित्र आवेदन बुझाउने समयसीमा तोकेको छ। नयाँ खेलकुद ऐनअनुसार सदस्यसचिव नियुक्त गर्न युवा तथा खेलकुद मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका एक महिलासहित दुईजना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नुपर्ने हुन्छ। उक्त समितिले योग्यता पुगेको एक महिलासहित तीनजनाको नाम मन्त्रालयमा सिफारिस गर्छ। सिफारिस भएका व्यक्तिमध्येबाट एक उपयुक्त व्यक्तिलाई मन्त्रिपरिषद् बैठकले सदस्यसचिव नियुक्त गर्ने प्रावधान छ।

# नेपालगञ्ज म्याराथनको उपाधी बोगटीलाई




**काठमाडौं/मस-** सातौं नेपालगञ्ज म्याराथनको उपाधि सशस्त्र प्रहरी बलका किरणसिंह बोगटीले जितेका छन्। शनिबार बिहान नेपालगञ्जमा भएको प्रतिस्पर्धामा निर्धारित दूरी २ घण्टा २९ मिनेट ४१ सेकेन्डमा पुरा गरेर बोगटीले उपाधि हात पारेका हुन्। उनी १३ औं सागका स्वर्णपदक विजेता पनि हुन्। नेपाली सेनाका नरेन्द्र रावल २ घण्टा ३३ मिनेट २८ मिनेटमा दूरी पार गर्दै दोस्रो भए। एपीएफका सन्तोष विष्टले २ घण्टा ३३ मिनेट ३४ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो भएका छन्। खड्गबहादुर खड्का २ घण्टा ३३ मिनेट ४५ सेकेन्ड, देवराज महतरा २ घण्टा ३९ मिनेट २ सेकेन्ड, प्रताप थामसुहाङ २ घण्टा ५९ मिनेट २५ सेकेन्ड र हिम गिरी ३ घण्टा २ मिनेट ३६ सेकेन्डमा दौड पूरा गर्दै क्रमशः चौथो, पाँचौ, छैठौ र सातौ भएका छन्। हाफ म्याराथनको उपाधि भने धादिङकी सन्तोषी श्रेष्ठले जितिन। श्रेष्ठले हाफ म्याराथन एक घण्टा १८ मिनेट ४८ सेकेन्डमा पूरा गरिन। उनी पनि साग कि स्वर्णपदक विजेता हुन। एपीएफकी पुष्पा भण्डारी दुरी एक घण्टा १९ मिनेट १८ सेकेन्डमा पुरा गर्दै दोस्रो भइन। म्याराथन विजेताले एक लाख र हाफ म्याराथन विजेताले ५१ हजार पुरस्कार प्राप्त गरेका छन। विजेताहरुलाई युवा तथा खेलकुदमन्त्री महेश्वर गहतराजले पुरस्कार प्रदान गरे। उद्घाटनका क्रममा मन्त्री गहतराज, अभिनेता राजेश हमालसँगै वाकाथनमा सहभागी भएका थिए। सरकार र तत्कालीन विद्रोही माओवादीबीच ५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौताको स्मरण गर्दै हरेक वर्ष मंसिर पहिलो शनिबार क्रियटिभ ह्याण्ड्सले नेपालगञ्ज म्याराथन आयोजना गर्दै आएको छ।

# दोस्रो देउराली कप खुला कराते पुषमा




**काठमाडौं/मस-** दोस्रो देउराली कप स्वर्गीय भीम चन्द ठकुरी स्मृति खुला कराते प्रतियोगिता आगामी पुषको दोस्रो सातादेखि हुने भएको छ। नेपाल सितोरियो कराते संघ देउराली डोजोको आयोजनामा आगामी पुष ९ र १० गते दोस्रो देउराली कप भीम चन्द ठकुरी स्मृति खुला कराते प्रतियोगिता हुन लागेको हो।

डोजोको स्थापना कालदेखि नै सहयोगका साथै विभिन्न माध्यमबाट स्थानीय क्षेत्रमा योगदान पुर्‍याउँदै आएका भीम चन्द ठकुरीको स्मृतिमा दोस्रो संस्करण आयोजना गरिने नेपाल सितोरियो कराते संघ देउराली डोजोका अध्यक्ष राजेश जोशीले जानकारी दिए। भीम चन्द ठकुरीकै सक्रियतामा डोजोको स्थापना समेत भएको थियो। उनी सहिद दशरथ चन्दका भतिज हुन्।

काठमाडौं महानगरपालिका-३१ मा बस्दै आएका भीम चन्दको गत वर्ष निधन भएको थियो। उक्त प्रतियोगिता नयाँ बानेश्वर स्थित भीमसेनगोला माध्यमिक विद्यालयमा हुनेछ। उक्त विद्यालयमा उनकै सक्रियतामा खेलकुदका लागि अक्षय कोष खडा भएको थियो। त्यसैले उनकै सम्झना देउराली डोजोले दोस्रो संस्करण गर्न लागेको भीमसेनगोला माध्यमिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका राजेश जोशीले बताए। प्रतियोगितामा फाइट र काता गरी कुल २५ स्वर्ण पदकका लागि खेलाडीले चुनौती प्रस्तुत गर्नेछन्।

काताअन्तर्गत टिम र व्यक्तिगततर्फ (महिला र पुरुष) प्रतिस्पर्धा हुनेछन्। पुरुष फाइटमा २० केजीमुनि, २५ केजीमुनि, ३० केजीमुनि, ३५ केजीमुनि, ४० केजीमुनि, ४५ केजीमुनि, ५० केजीमुनि, ५५ केजीमुनि, ६० केजीमुनि र ६५ केजीमाथि तौलसमूहसम्म प्रतिस्पर्धा हुनेछन्। महिलातर्फ २० केजी, २५ केजीमुनि, ३० केजी, ३५ केजीमुनि, ४० केजीमुनि, ४५ केजीमुनि, ५० केजीमुनि, ५५ केजीमुनि, ६० केजीमुनि र ६१ केजीमाथि तौलसमूहमा खेलाडीले प्रतिर्स्धा गर्दैछन्।

# अरुणालाई शेरबहादुर खड्का स्पेसल अवार्ड




**काठमाडौं/मस-** शेरबहादुर खड्का स्मृति प्रतिष्ठानले नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीलाई शेरबहादुर खड्का स्पेसल अवार्ड- २०७७ बाट शनिबार सम्मान गरेको छ।

प्रतिष्ठानले अरुणालाई नगद ५० हजार र ट्रफीसहित गिफ्ट ह्याम्पर प्रदान गरी सम्मान गरेको हो। एनआइसी एसिया बैंकका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने, प्रतिष्ठानकी संरक्षक गमली खड्का, प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्का, नेपाल भलिबल संघकी उपाध्यक्ष निरोज मास्के, नेपाल भलिबल संघका महासचिव जितेन्द्रबहादुर चन्द, पेन्ट डिलर्स एसोसिएसनका अध्यक्ष रामचन्द्र खत्री र यानलग इंकका सीएफओ सन्तोष पाण्डेले अरुणालाई सम्मान गरे।

अरुणालाई यानलग इंकबाट स्मार्ट वाच र इटालियन सुट पिस, सुलक्स सेन्टरबाट टिसर्ट र घडी तथा धुलिखेल लज सिसोर्टबाट एकदिनको प्याकेज प्रदान गरिएको थियो। अरुणाको कप्तानीमा नेपालले बंगलादेशको ढाकामा भएको प्रथम बंगमाता एसियन सिनियर महिला सेन्ट्रल जोन भलबलमा स्वर्ण तथा नेपालमै भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा रजत पदक जितेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत न्यौपानेले प्रतिष्ठानले भलिबल खेल र खेलाडीको हितका लागि प्रशंसनीय कार्य गर्दै आएको बताउँदै निजी क्षेत्रबाट पनि खेलको विकासमा सहयोग गर्न सकिने उदाहरण प्रस्तुत गरेको बताए। अध्यक्ष खड्काले खेलकुदका साथै सामाजिक क्षेत्रमा पनि प्रतिष्ठानले कार्य गर्दै आइरहेको बताउदै आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

प्रतिष्ठानले खेलकुद क्षेत्रमा भलिबल खेलाडी सम्मानका साथै महिला भलिबल प्रतियोगिता आयोजना र भलिबल खेलाडीलाई छात्रवृत्ति पनि प्रदान गर्दै आइरहेको छ। त्यस्तै प्रतिष्ठानले महिला राष्ट्रिय भलिबल टोली र न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई खेल पोशाक पनि प्रदान गरेको थियो। सामाजिक र खेलकुद क्षेत्रमा गरेको कार्यको मूल्यांकन गर्दै नेपाल सरकारले प्रतिष्ठानलाई विभूषित गर्ने निर्णय गरेको छ।


## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**गुट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**प्रथम पटक प्रकाशित भएको मिति :२०७८।०८।०५**

प्रस्तुत विषयमा यस चौकुने गाउँपालिका मिति २०७४/०७/११ गतेको गाउँ कार्यपालिकाको निर्णय अनुसार चौकुने गाउँपालिका वडा नं. ४, विजौरा देखि चौकुने गाउँपालिका १ धनरास सम्म सडक बिस्तार, ग्राभेलीङ्ग कार्य गर्नका लागि Heavy Equipment हरु आवश्यक परेको हुँदा इच्छुक सवारी धनी वा फर्मले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न प्रक्रिया पूरा गरी निवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**
(१) Exavator १ थान 220 PS वा सो भन्दा माथि क्षमता भएको।
(२) Tipper ४ थान १५० HP वा सो भन्दा माथि क्षमता भएको।
(३) Backhoe Loader २ थान ८५ HP वा सो भन्दा माथि क्षमता भएको।

**प्रक्रिया:**
(१) इच्छुक सवारी साधन धनी वा फर्मले नेपाली नागरिताको प्रमाण पत्र, सवारी साधन ब्लु-बुक/ चलानी नम्बर र सवारी चालक अनुमति पत्रको फोटोकपी सहित नियमानुसार आवश्यक कागजातहरु संलग्न राखी रु. ३०० (अक्षरुपी तिन सय मात्र) (फिर्ता नहुने गरि) बुझाई पहिलो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयबाट शिलबन्दी दरभाउ दरखास्त फाराम खरिद गरि लिनु पर्नेछ।
(२) सूचना प्रकाशित भएको मितीले १६ औं दिन को १२ बजे सम्म शिलबन्दी दरभाउ दरखास्त फाराम यस कार्यालयमा दाखिला गरि सक्नु पर्ने छ। सोहि दिनको २ बजे दर्ता भएका शिलबन्दी दरभाउपत्र खोलिने छ।
(३) साधन धनीले सवारी चालक र सह-चालक समेत उपलब्ध गराउनु पर्नेछ र चालक तथा सह- चालकको सेवा सुविधा स्वयम्ले व्यहोर्नु पर्नेछ।
(४) मु.अ.क, बाहेक अधिकतम भाडा रकम एक्साभेटर र ब्यकहोलोडर गाडी चलेको प्रति घण्टाको दरले र टिप्पर प्रति दिनको दरले तपसिल बमोजिम उपलब्ध गराईनेछ।

**तपशिल :**

| क्र.स. | ह्वाभी इक्वीप्मेन्ट | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | एस्काभेटर ब्रेकर बाहेक | प्रति घण्टा | ४६००।– | |
| २ | एस्काभेटर ब्रेकर सहित | प्रति घण्टा | ५०५०।– | |
| ३ | व्याकहोलोडर | प्रति घण्टा | २०००।– | |
| ४ | टिप्पर | प्रति दिन | १२००।– | |

(५) मेसिनका लागि इन्धन स्वयम् सवारी धनीले व्यहनि छ। इन्धन सहित मेसिन मर्मत सम्भार खर्च लगायत सम्पर्ण खर्चहरु स्वयम् धनीले ब्यहोर्नु पर्नेछ र मेसिन खराबी भै मेसिन बसेको समयको भुक्तानी हुने छैन।
(६) एक्साभेटर मेसिन कम्तीमा ४००० घण्टा ननाघेको हुनुपर्नेछ, व्यकहोलोडर कम्तीमा १५,००० घण्टा ननाघेको हुनपर्नेछ र टिप्पर २५,००० कि.मी. भन्दा बढी नचलेको हुनुपर्नेछ।
७) यस गाउँपालिकाबाट तोकिएको स्थानमा निर्माण कार्य गर्नुपर्ने छ।
(८) अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

य तिबेला फुटवेयर म्यानुफ्याक्चर्स एसोसियसनले काठमाडौं भृकुटीमण्डपमा 'स्वदेशी उद्योगको प्रवर्द्धन हाम्रो अभियान' भन्ने नाराका साथ जुत्ता-चप्पल व्यापार मेला-२०७८ सञ्चालन गरिरहेको छ । पछिल्लो दशकमा नेपाल क्रमश: जुत्ता-चप्पलको क्षेत्रमा आत्मनिर्भर बन्दै गएको तथ्यांकले देखाएको छ । राज्यको व्यापार घाटा घटाउन सहयोग गर्ने एउटा महत्वपुर्ण क्षेत्रको रुपमा जुत्ता-चप्पल उद्यम क्षेत्रको क्रमश: विकास हुँदै गएको छ । प्रस्तुत छ, पछिल्लो समयमा जुत्ता-चप्पल उद्यम क्षेत्रको अवस्था र एसोसियसनले आयोजना गरेको मेलाको सन्दर्भमा फुटवेयर म्यानुफ्याक्चर्स एसोसियसन अफ नेपालका अध्यक्ष तथा शुभकामना फुटवेयर प्रोडक्ट नेपाल प्रालिका सञ्चालक नानिराज घिमिरेसँग मध्यान्ह राष्ट्रिय दैनिकका संवाददाता नारायण अर्यालले गरेको कुराकानीको सम्पादित अंश :

# 'नेपाली जुत्ता-चप्पल उद्योगले व्यापार घाटा घटाउँछ'

**नानिराज घिमिरे**
अध्यक्ष, फुटवेयर म्यानुफ्याक्चर्स एसोसियसन अफ नेपाल



> हाम्रो लागि खास औद्योगिक र पुँजीगत वातावारण आवश्यकता रहेको छ । अर्को विषय मैले अघि भनिसकें चोरीका वस्तुहरुसँग हामीले प्रतिस्पर्धा गर्नुपर्ने समस्या झेलिरहेका छौं । यसलाई राज्यले सम्बोधन गर्न जरुरी छ ।

### नवौं दिनसम्म आइपुग्दा जुत्ता-चप्पल मेलाको अवस्था कस्तो रहेको छ ?

मेला देखि आजको दिनसम्म आउँदा सामान्यतया: मेला ठिकैसँग अपेक्षित रुपमा नै अगाडि बढिरहेको छ । राजनीतिक दलले आयोजना गरेको नेपाल बन्दको कारण एकदिन पुर्णरुपमा प्रभावित हुन पुग्यो । उद्घाटनको दिनलाई हामीले खासै गणना नगर्दा त्यसपछिका दिनहरु औसत रुपमा राम्रै र आज शनिबारको दिन ग्राहकहरुको सहभागिता राम्रो रहेको छ ।

हाम्रो यो मेला सञ्चालनको क्रममा हामीले लिएको अनुभव के हो भने कतिपय ग्राहकरु जुत्ता-चप्पल खरिद गर्नको लागि हाम्रो मेलालाई नै प्रतिक्षा गरेर बसिराख्नभएको हुन्छ । ति ग्राहकहरुलाई मेलाले राम्रोसँग सम्बोधन गरेको छ ।

### यसपटकको मेलामा ग्राहकहरुलाई लक्षित गरेर के कस्ता नयाँ आकर्षण राख्नुभएको छ ? के जुत्ता-चप्पल कम्पनीहरुले नयाँ उत्पादन पनि ल्याएका छन् ?

हामीले आयोजना गर्ने मेलामा सधैंजस्तो ग्राहकलाई दिने छुट सुविधालाई यसपटक पनि निरन्तरता दिएका छौं । जसमा अधिकतम ७० प्रतिशत सम्मको छुटको व्यवस्था ग्राहकहरुले पाउन सक्नेछन् । ७० प्रतिशत भन्दा स्टक क्लियरेन्स भन्ने बुझाई पनि हुनसक्छ । तर हामीले १ डेढ वर्षदेखि ग्राहकलाई देखाउन नपाएका नयाँ प्रोडक्ट पनि यस मेलामा राखेका छौं ।




जस्तै मेरो स्टलमा जानुभयो भने त्यहाँ एकजोर जुत्ता पनि स्टक क्लियरेन्सको छैन । सम्पुर्ण नै फ्रेस जुत्ताहरु रहेको छ । हामीले बजारको अनुपातमा धेरै राम्रो छुटमा जुत्ता-चप्पल बिक्री गरिराखेका छौं ।

समग्रमा भन्दा यो मेलामा २३ वटा विशुद्ध नेपाली कम्पनी सहभागी भएर १ सय जति स्टलबाट नयाँ र नयाँ डिजाइनका जुत्ताहरु पस्केका छौं । जसमा करिब ३ हजार भन्दा बढि डिजाइनका जुत्ताहरु रहेका छन् । सँगै केही कम्पनीहरुले स्टक क्लियरेन्सको लागि पनि अधिक छुटको व्यवस्था गरेर स्टलमा राख्नुभएको छ ।

### के मेलालाई कोभिड महामारीले प्रभाव पारेको महसुस गर्नुभएको छ ? जसका कारणले व्यापार तथा ग्राहकको सहभागिता विगतको तुलनामा कमि भएको छ ?

ग्राहकहरु विभिन्न प्रकृतिका हुने गर्छन् । जसमध्ये एक प्रकारका ग्राहकहरुले मेलाबाट सस्तो र राम्रो जुत्ताको प्रतिक्षा गरिरहेका हुनेगर्दछन् । त्यस्तै केही ग्राहकहरुले कम्पनीहरुले के-कस्ता नयाँ उत्पादन गरेका छन् भनेर चासो राखेका हुन्छन् । पहिलो कोभिड महामारीपछि पनि हामीले व्यापार मेलाको आयोजना गरेका थियौं, र अहिले दोस्रो लहरको कोभिड पछि आयोजना गरेका छौं । यो मेलामा हामीले धेरै ग्राहकहरु मेलालाई नै पर्खेर बसेको पायौं । विगतको तुलनामा समग्र आर्थिक गतिविधिमा परेको असरका कारण केही कमि भएको देखिएतापनि ग्राहकहरुको आकर्षणमा भने कमि भएको देखिएको छैन ।

सामान्यतया: हामिले विगतदेखि महसुस गरेको के हो भने मेलाको शुरुमा थोरै ग्राहकहरु मेलामा आइपुग्छन् भने विस्तारै त्यसको ग्राफ बढ्दै गएर अन्तिममा अधिक सहभागिता हुने गर्दछ । अहिले पनि त्यस्तै हुने अनुमान रहेको छ ।

### अहिले सञ्चालन भइरहेको मेलाको आयोजना गर्दा खासमा एसोसियसनले कस्तो उद्देश्य र कति सम्मको कारोबार गर्ने लक्ष्य लिएको थियो ? के मेला मार्फत लक्ष्य प्राप्ति हुने अनुमान गर्नुभएको छ ?

कोभिड महामारीले यस क्षेत्रमा परेको असरका कारण हामीलाई पनि आर्थिक रुपमा ठुलो नोक्सान पुऱ्याएको थियो । मेलाको आयोजना गरेर उद्यमीहरुमा थप आर्थिक चलायमानको स्थिति सिर्जना गर्ने हामीले एउटा उद्देश्य लिएका थियौं । मेरो अनुमानमा यो मेलाले यो महामारीका बीचमा हामीलाई एकपटक आर्थिक रुपमा चलायमान हुन केही मद्दत पुऱ्याउनेछ ।

> आजभन्दा ५/७ वर्ष अघिको अवस्था हेर्नुहुन्छ भने ५ देखि १० कच्चा पदार्थ मात्रै नेपालबाट प्राप्त हुने अवस्था रहेको थियो । अहिले जुत्ता-चप्पलको कच्चा पदार्थको स्रोतको अवस्था बदलिएको छ । तर अहिले ३० देखि ४० प्रतिशतको हाराहारीमा कच्चा पदार्थ स्वदेशी नै प्राप्त हुने गरेको अवस्था छ ।

कारोबारको सन्दर्भमा यो मेलामा हामीले झण्डै ५ करोड बराबरको व्यापार हुने अनुमान गरेका छौं । सामान्यतया: धेरै ग्राहकहरुले २० दिन सम्मको मेला छ, १७/१८ दिनमा जाउँला नि भन्ने धारणा बनाउने गरेको पाइन्छ । त्यसले गर्दा हामीले लिएको लक्ष्य प्राप्ति हुने वा नहुने भन्ने कुरा अन्तिममा गएर मात्रै भन्न सकिन्छ । तर अहिलेको ग्राहकको बढ्दो सहभागितालाई हेर्दा हामी लक्ष्यमा पुग्नेछौं भन्ने लागेको छ ।

### तपाईंहरुले एसोसियसनको तर्फबाट उपत्यका भित्र र बाहिर वर्षेनी रुपमा नै पटक-पटक यस्ता मेलाहरुको आयोजना गर्दै आउनुभएको छ । यसको व्यवस्थापन कसरी गर्नुभएको छ ?

एसोसियसनमा वर्षको दुईपटक व्यापारिक मेला र १ पटक औद्योगिक मेला आयोजना गर्ने निर्णय नै गरेका छौं । जसमध्ये कोभिड महामारीका कारण गतवर्ष एउटा व्यापार मेला मात्रै गर्न सक्यौं । यो वर्षको पनि करिब आधा समय बितिसकेपछि मात्रै हामीले व्यापार मेला गर्न सफल भएका छौं । यसपछाडि सम्भवत: बैशाखमा हामीले अर्को व्यापार मेलाको आयोजना गर्नेछौं ।

यस्ता औद्योगिक वा व्यापारिक मेला एसोसियसनको तर्फबाट सञ्चालन गर्दा यस्तो मेलामा सहभागी हुने कम्पनीहरुले त्यहाँ लिने स्पेसको आधारमा स्वयंले रकम उठाएर खर्चको व्यवस्थापन गर्ने गर्छौं ।

### पछिल्लो समयमा जुत्ता-चप्पल उत्पादन तथा व्यवसाय विस्तारको सन्दर्भमा यी क्षेत्रहरुले के कस्ता प्रकारका समस्या झेल्नुपरेको छ ?

पहिलो, राज्यको तर्फबाट कोभिड महामारीको अति प्रभावित क्षेत्रमा जुत्ता-चप्पल उद्यम क्षेत्रलाई नराखिए तापनी यो अति आवश्यक वस्तु मध्येको क्षेत्र नै हो । महामारी वा लकडाउनको कारणले यो क्षेत्रलाई पनि असर पऱ्यो । तर हामीहरु जे जसरी पनि अगाडि बढ्नु पर्छ भन्ने धारणाका साथ उद्यम तथा व्यवसायलाई गतिशिलता प्रदान गरिराखेका छौं । दोस्रो, आजभन्दा ५/७ वर्ष अगाडिको स्थितिलाई हेर्ने हो भने जुत्ता-चप्पल क्षेत्र निकै नै पीडित अवस्थामा रहेको थियो । यही एसोसियसन हो, हामीले राज्यसँग गएर छलफल गर्दै, पहल गर्दै आउँदा खेरि अहिले नेपाली जुत्ता-चप्पल उत्पादनले ६५ देखि ७० प्रतिशत मागलाई पुर्ती गर्ने अवस्थामा आइपुगेको छ । यो अवस्थामा पुग्दा हामीले राज्यसँग के अनुरोध गरिराखेका छौं भने, हामी आत्मनिर्भर तर्फ अग्रसर उद्योग हौं, हामीलाई त्यो सुचीमा राख्दिनुपऱ्यो । त्यहि अनुसार राज्यस्तरबाट उत्पादन तथा बजारमा प्रवर्द्धन गर्न सहयोग गरिदिनुपऱ्यो ।

जुत्ता-चप्पलजन्य उद्योगहरुको लागि राज्यले त्यस्तो विशेष केही सहयोग त गरेको छैन । तर पछिल्लो समयमा भन्सार क्षेत्रमा केही




सहज बनाएको छ । उत्तरी नाकामा तुलनात्मक रुपमा केही सहज अवस्था रहेको छ भन्नुपर्छ । तर दक्षिणी नाकाबाट चारी पैठारी भएर आउने जुत्ता-चप्पलका कारण यस क्षेत्रलाई मर्का परिरहेको अवस्था छ । जस्तै: कुनै जुत्ता हामीले उत्पादन गर्दा १ हजार लागत पर्छ भने उहि प्रकृतिका चोरी पैठारी मार्फत आएका जुत्ता नै बजारमा ८ सयमा बिक्री हुँदा त्यसले हाम्रो उत्पादन तथा बजारलाई असर गरेको छ । राज्यले हरेक प्रकारको चोरी पैठारीबाट नेपाल भित्रिने सामाग्रीमा कडाई गर्न आवश्यक रहेको छ ।

अहिले हामी जुत्ता-चप्पल उद्यमीहरुको संख्या झण्डै पन्ध्र सयको हाराहारीमा रहेको अवस्था छ । हामीहरु संगठित पनि हुँदै गएका छौं, राज्यले पनि क्रमश: हाम्रा मागहरुलाई सुन्दै गएको छ । जसका कारण यस क्षेत्रको उद्यमलाई राज्यले हेर्ने दृष्टिकोणका कारण व्यवसाय मात्रै गर्दै आएकाहरु पनि उद्योग क्षेत्रमा आकर्षित हुने क्रम बढेको छ ।

### के पछिल्लो समयमा नेपाली जुत्ता-चप्पल उत्पादनको क्षेत्रमा लगानीकर्ताहरुको पनि आकर्षण बढ्दै गएको हो ?

राज्यको यो क्षेत्रप्रतिको दृष्टिकोणको कारण पनि यो क्षेत्रको उद्यम तथा व्यापारको अवस्था राम्रो हुँदै गएको हो भन्न सकिन्छ । दोस्रो यो क्षेत्रका लगानीकर्ताहरुलाई मुनाफाले पनि निराश बनाएको छैन । जसका कारण लगानीकर्ताको आकर्षण बढेको छ भन्न सकिन्छ । पछिल्लो २ वर्षमा सायद झण्डै २ सय उद्योगीहरु थपिएका होलान भन्ने अनुमान रहेको छ ।

अहिलेसम्मको अवस्थालाई हेर्दा राज्यले यसलाई त्यति धेरै प्राथमिकतामा राखेको देखिँदैन । नेपालमा सबैभन्दा धेरै रोजगारी दिन सक्ने क्षेत्रको रुपमा कृषिलाई चिनिएको छ, तर जुत्ता-चप्पल क्षेत्रलाई व्यवस्थित गर्ने हो भने यो क्षेत्रले पनि ठुलो मात्रामा रोजगारी सिर्जना गर्न सक्छ । अहिले पनि जुत्ता-चप्पल उद्यम क्षेत्रले प्रत्यक्ष रुपमा ५५ हजार र अप्रत्यक्ष रुपमा ३ लाख भन्दा धेरैलाई रोजगारी दिएको अवस्था छ ।

मेरो आफ्नै उद्योगको विषयमा भन्दा, अहिले मेरो उद्योगमा झण्डै ९० जनाले काम गरिरहेका छन्, अबको ५ वर्षमा मैले ४ देखि ५ सयलाई रोजगारी दिने लक्ष्य लिएको छु । यी उद्योगमा थोरै दक्ष र धेरै अदक्ष कामदारहरुले रोजगार प्राप्त गर्न सक्छन् । यति मात्र होइन जुत्ता-चप्पल उद्योगमा खेर जाने समयलाई समेत उचित उपभोग गरेर आम्दानीमुलक बनाउन सकिन्छ ।

राज्यले हामीलाई ध्यान नै दिएको छैन भन्ने त होइन्, तर राज्यले जुत्ता-चप्पल उद्यमको क्षेत्रलाई पुँजीगत र औद्योगिक वातावारण बनाइदिने हो भने हामीले राज्यले नसोचेको स्तरमा रोजगारी सिर्जना गर्न सक्छौं । जस्तै: अहिले हामी जुत्ता-चप्पल उद्योगीहरु छरिएर सानो सानो ठाउँबाट काम गरिरहेका छौं । हाम्रो लागि खास औद्योगिक र पुँजीगत वातावारण आवश्यकता रहेको छ । अर्को विषय मैले अघि भनिसकें चोरीका वस्तुहरुसँग हामीले प्रतिस्पर्धा गर्नुपर्ने समस्या झेलिरहेका छौं । यसलाई राज्यले सम्बोधन गर्न जरुरी छ ।

### नेपाली जुत्ता-चप्पलहरुले नेपाली ग्राहकहरुको मन जित्दै गएका छन् । बजारको हिस्सा पनि बिस्तार हुँदै गएको छ । तर तपाईंहरुले कच्चापदार्थको व्यवस्थापन कसरी गरिरहनुभएको छ ?

आजभन्दा ५/७ वर्ष अघिको अवस्था हेर्नुहुन्छ भने ५ देखि १० कच्चा पदार्थ मात्रै नेपालबाट प्राप्त हुने अवस्था रहेको थियो । अहिले जुत्ता-चप्पलको कच्चा पदार्थको स्रोतको अवस्था बद्लिएको छ । तर अहिले ३० देखि ४० प्रतिशतको हाराहारीमा कच्चा पदार्थ स्वदेशी नै प्राप्त हुने गरेको अवस्था छ । यसमा पनि स्पोर्ट जुत्तामा प्रयोग हुने फाईलम सोल बाहेक अधिकांश सोल नेपालमा नै उत्पादन हुने गरेको अवस्था रहेको छ । पिओ र पिभिसीमा हामी पुर्णरुपमा आत्मनिर्भर रहेका छौं । यी वस्तुहरु विदेशबाट आयात नगर्दा पनि चल्ने अवस्था बनेको छ । विदेशबाट आयात गर्ने कच्चा पदार्थमध्ये झण्डै ८० प्रतिशत भारत र चीनबाट र बाँकी तेस्रो मुलुकबाट आयात गरिरहेका छौं ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**